# परिच्छेद-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समय विकासक्रम सँगै शिक्षा क्षेत्रले पनि फड्को मारेको छ । गुरुकुल, मठमन्दिर, गुम्बा आदिबाट शुरु भएको शिक्षा प्रणाली आज विकास हुँदै एउटा व्यवस्थित र वैज्ञानिक पद्धति अनुसार संचालनमा आएको छ । व्यवहारिक तथा प्राविधिक शिक्षा सबैको मागको विषय बनेको छ । निश्चित खालको पाठ्यक्रमको ढाँचाको पनि विकास र कार्यान्वयन भइसकेको छ । जुनसुकै देशको पनि आफ्नो शिक्षा प्रणालीको निश्चित संरचना हुन्छ । सोही संरचना अनुसार केन्द्रिय र स्थानीय स्तरबाट पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गराइ शिक्षाको अपेक्षित राष्ट्रिय उद्देश्य हासिल गरिन्छ ।

वर्तमान युग विश्वव्यापीकरणबाट प्रभावित यूग हो । यो युग जातिय वैशिष्यता, राष्ट्रिय पहिचान, भाषा, सँस्कृति, मौलिकता आदिको पहिचानका लागि आन्दोलित युग पनि हो । तेस्रो विश्वका अधिकांश देशहरुमा विश्वव्यापीकरणको लहर र स्थानीय पहिचानको लहर एकै समयमा चलिरहेको छ । Think Globally, Act Locally भन्ने मध्यमार्गी र समन्वयकारी नाराले अन्तराष्ट्रिय, राष्ट्रिय र स्थानीय विषयवस्तुलाई विद्यालयीय पाठ्यक्रममा समावेश गरिनुपर्छ भन्ने मान्यतालाई स्वीकारेको पाइन्छ । राष्ट्रिय पाठ्यक्रमले विविधतायुक्त राष्ट्रिय परीवेशलाई समेट्न कठिन हुने हुँदा पाठ्यक्रममा निश्चित अंश स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र, स्थानीय परिवेशलाई समेट्नुपर्छ भन्ने मान्यतामा सैद्धान्तिक सहमति भएको पाइन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अन्तर्गत पाठ्यक्रम सुधार पद्धति अनुसार स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायलाई नै स्थानीय पाठ्यक्रम बनाउन दिई सुधार गर्न सकिने कुरामा जोड दिएको पाइन्छ ।

स्थानीय पाठ्यक्रमका सैद्धान्तिक अवधारणालाई संक्षिप्त रुपमा केलाउँदा मूलतः यसले स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र, विषय वस्तु, शैक्षणिक व्यवस्था, सामाग्रीको निर्माण गरी स्थानीय परिवेश अनुरुपको शिक्षा दिने कुरालाई स्वीकार गर्दछ । स्थानीय

समुदायमा पाइने मौलिक विशेषताहरुलाई अझ विकसित र विश्वव्यापी रुपमा पहिचान गराउन आवश्यक रहेकोले विश्व व्यापीकरणको अवधारणा अनुसार औपचारिक शिक्षाको पाठ्यक्रममा स्थानिय ज्ञान र प्रविधिलाई समावेश गर्नुपर्ने हुन्छ । यसै आधारमा तयार गरिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ ।

“स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता अनुसार स्थानीय विषयवस्तुहरुलाई समावेश गरी निर्माण र कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४) ।”

स्थानीय तहको पाठ्यक्रम विद्यालय, स्रोतकेन्द्र वा जिल्ला शिक्षा कार्यालय जसले निर्माण गरेको हो उसैले कार्यान्वयनमा देखापरेका कठिनाइ र अध्ययन गर्दा दिइएका सुझावहरुका आधारमा परिमार्जन गर्न सक्छ । त्यसरी नै कार्यान्वयनको क्रममा प्राप्त पृष्ठपोषणका आधारमा विद्यालय स्वयम्ले पनि सो पाठ्यक्रम परिमार्जन गर्न सक्छ । केन्द्रिय पाठ्यक्रम परिमार्जन गर्दा केन्द्रले स्थानीय पाठ्यक्रममा पनि आवश्यक संशोधन गर्ने गरि पाठ्यक्रम गर्न सक्ने नीति अवलम्वन गरिएको छ । वास्तवमा यो सुक्ष्म तह (Micro-Level) मा निर्माण गरिने पाठ्यक्रमको योजना भित्र पर्छ (भट्टराई र धामी, २०६६) ।

सामान्य रुपमा भन्नु पर्दा पाठ्यक्रमलाई शैक्षिक संस्थामा वा विद्यालयमा लागु गर्नु वा कार्यान्वयन गर्नु नै पाठ्यक्रमको कार्यान्वयन हो । अर्को शब्दमा निर्धारित शैक्षिक लक्ष्य प्राप्तिका लागि पाठ्यक्रमलाई व्यवहारीक रुपबाट विद्यालयीय अभ्यासमा लागु गराउनु नै पाठ्यक्रमको कार्यान्वयन हो । पाठ्यक्रमले राखेका उद्देश्यहरु पुरा गर्न र विद्यार्थीको सर्वाङ्गिण विकासद्धारा दक्ष जनशक्ति उत्पादन गरी राष्ट्र विकासमा योगदान पुऱ्याउन सक्ने शिक्षाको अपेक्षा पनि पाठ्यक्रमको सफल कार्यान्वयनमा भर पर्दछ । तसर्थ पाठ्यक्रम कार्यान्वयनलाई शैक्षिक प्रक्रिया वा शैक्षिक प्रणालीको महत्वपूर्ण कार्य मानिन्छ । कुनै पनि देशको शैक्षिक गुणस्तर त्यहाँको पाठ्यक्रम कार्यान्वयन प्रक्रियाको गुणस्तरमा प्रत्यक्ष निर्भर गर्दछ । अर्थात् देशको शैक्षिक गुणस्तर सन्तोषजनक हुनुको सम्बन्ध त्यहाँ पाठ्यक्रमको कार्यान्वयन स्तरयुक्त भयो भन्ने सँग हुन्छ । शैक्षिक गुणस्तर खस्कीनुको प्रमुख कारण प्रभावकारी रुपमा पाठ्यक्रमको कार्यान्वयन नहुनु हो भन्ने आँकलन गरिन्छ (भट्ट, २०६७) ।

नेपाल भौगोलिक, सामाजिक र साँस्कृतिक विविधतायुक्त देश हो । यिनै विविधता नेपालका विशिष्ट पहिचान पनि हुन् । नेपालमा उच्च हिमश्रृङ्खला सहितको शीतोष्ण हिमाली भेग, रमणीय जलवायु युक्त समशीतोष्ण पहाडी भेग र उपत्यका, समतल र उर्वराभूमि भएको उष्ण तराई एवं उत्तरदेखि दक्षिण सम्मको छोटो दुरी बीचको एक आपसमा अतिभिन्न जलवायुले नेपालको भौगोलिक, सामाजिक तथा साँस्कृतिक पक्षहरुमा विशिष्टता प्रदान गरेका छन् । यी फरक विशिष्टताका आधारमा विभिन्न अध्ययनबाट यहाँ १०२ भन्दा बढी जाति रहेका छन् भने ९२ भन्दा बढी भाषा बोल्दछन् । सामुहिक जीवन पद्धति, आपसी सद्भाव र सहिष्णुता, सरल, मैत्रीपूर्ण र आफ्नो संस्कार तथा संस्कृतिमा रमाउने जीवनशैली, परोपकार, अतिथि सत्कार, मेलमिलाप र सद्भाव जस्ता आदर्श नेपालको सामाजिक तथा साँस्कृतिक विशेषता बनेका छन् । नेपालमा विभिन्न विश्वव्यापीकरणको लहरसँगै उदारीकरण र विश्वव्यापार संगठनका साथै कृषि, पशुपालन, जडीबुटी, स्थान विशेषको उत्पादनको आदान प्रदान, हाटबजार, पर्वतारोहण, पर्यटक, श्रम आदि पक्ष नेपालका आर्थिक क्रियाकलापको मुख्य आधार हुन् (पा.वि.के., २०६२) ।

हाम्रो देश सानो भएता पनि यहाँको वस्तुस्थिति विविधतापूर्ण रहेको छ । भौगोलिक, साँस्कृतिक, भाषिक, जातिय लगायतका अनेकौं विविधता रहेको देखिन्छ । विभिन्न ठाउँमा विविध स्रोतहरु छन् । विभिन्न ठाउँका मानिसहरुको आवश्यकता, चाहना, त्यहाँको भूगोल वातावरण एवं वस्तुस्थितिले गर्दा फरक-फरक हुन्छ । त्यसैले केन्द्रले निर्माण गरेको पाठ्यक्रमले सबै क्षेत्रका विविधताहरुलाई समेटेर परिचित गराई अध्यापन गराउन सकिने सम्भावना देखिदैन । जस्तै : "उदाहरणको लागि काठमाण्डौ उपत्यका भित्रका बालबालिकाहरुको लागि काठमाण्डौ उपत्यकाका धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका स्थलहरुको बारेमा जानकारी र सूचना प्रविधि सम्बन्धि शिक्षाको आवश्यकता हुन सक्छ भने जुम्लाका विद्यार्थीका लागि स्याउ खेती सम्बन्धि शिक्षाको आवश्यकता हुन सक्छ (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४) ।"

त्यस्तै डोल्पाको लागि यार्सागुम्बा संकलन र प्रशोधन गर्ने ज्ञान, सीप सम्बन्धि शिक्षा आवश्यक हुन सक्छ भने सिन्धुलीको लागि जुनार खेती सम्बन्धि शिक्षाको आवश्यकता हुन सक्छ । तसर्थ यी विविध आवश्यकताहरुलाई सम्बोधन गर्न, स्थानीय आवश्यकताका

विषयवस्तुहरुलाई पाठ्यक्रममा समावेश गर्न, पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियामा स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता गराइ पाठ्यक्रमप्रति अपनत्वको भावना जागृत गराउन स्थानीय पाठ्यक्रमको आवश्यकता देखिन्छ ।

यसरी देशको राष्ट्रिय परीवेश र अन्तराष्ट्रिय क्षेत्रमा आएको परिवर्तन समेतलाई दृष्टिगत गरी नेपालले २०४९ सालको प्राथमिक शिक्षा पाठ्यक्रमले प्राथमिक तहमा विद्यालयले १०० पूर्णाङ्कको स्थानीय आवश्यकता अनुसारको मातृभाषा वा स्थानीय विषयका रुपमा अन्य कुनै विषय छनौट गरी पठनपाठन गर्नु पर्ने व्यवस्था गरेदेखि स्थानीय पाठ्यक्रमको सन्दर्भ विद्यालयीय शिक्षामा जोडिएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले स्थानीय पाठ्यक्रमको सन्दर्भलाई केही थप प्रावधान सहित अगाडि ल्याएको छ । जसमा प्राथमिक तहको सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा वार्षिक पाठ्यभारको २० प्रतिशत अंश स्थानीय विषयवस्तुलाई समेटेर स्रोत व्यक्ति सँगको सहयोगमा शिक्षक स्वयम्ले पाठ्यक्रम बनाई पठनपाठन गर्ने व्यवस्था गरिएको छ भने बाँकी ८० प्रतिशतको पाठ्यक्रम केन्द्रबाट नै निर्माण गरेको पाठ्यक्रम अनुसार पठनपाठन गर्ने व्यवस्था छ । सामाजिक अध्ययन विषयको विषयवस्तुमा ऐतिहासिक, साँस्कृतिक, धार्मिक विषयवस्तु तथा शारीरिक शिक्षामा भौगोलिक खेल, स्थानीय रुपमा गरिने कसरत र अभ्यास रहेका छन् भने सिर्जनात्मक कला विषयमा स्थानीय रुपमा पाइने माटो, काठ, ढुङ्गा, बेतवाँस, निगालो, सिलाई - बुनाई, रङगाई, चित्र बनाउने आदि जस्ता विषयवस्तुका क्षेत्र रहेका छन् । स्थानीय पाठ्यक्रमको मर्म अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाद्धारा मूल्याङ्कन गर्ने र उदार कक्षोन्नति अपनाउनु पर्ने व्यवस्था गरेको छ । (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४) ।

## १.२ समस्याको कथन

प्राथमिक शिक्षा पाठ्यक्रम वि.सं.२०४९ ले स्थानीय तहले पाठ्यक्रम निर्माण गर्न पाउने एक स्थानीय विषयको प्रावधान गरेपनि कार्यान्वयनमा आउन सकेन । यही कार्यलाई व्यवस्थित बनाउनको लागि परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम वि.सं. २०६२ ले कक्षा १-३ मा स्थानीय तहले पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न पाउने गरी १०० पूर्णाङ्कको स्थानीय विषयको साथै सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला अन्तर्गत

८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले पाठ्यक्रम निर्माण गरी लागू गर्ने व्यवस्था गरेको छ भने वि.सं. २०६५ देखि कक्षा ४-५ मा पनि स्थानीय तहले पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न पाउने गरी १०० पूर्णाङ्कको स्थानीय विषयको साथै सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला अन्तर्गत ८० प्रतिशत केन्द्रले र २० प्रतिशत स्थानीय तहले पाठ्यक्रम निर्माण गरी लागू गर्ने व्यवस्था गरेको छ ।

यस प्रावधानले स्थानीय क्षेत्र वा निकायको भूमिकालाई सशक्त बनाउन खोजिएको देखिन्छ । स्थानीय पाठ्यक्रमको यस प्रावधानले स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता एवं चाहनाका विषयवस्तुहरु समावेश गरी पाठ्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिसकेको छ । त्यस्तै नेपालको अन्तरिम संविधान २०६३ लगायत स्थानीय स्वायत्त शासन ऐनमा स्थानीय निकायलाई आवश्यक जिम्मेवारी र अधिकार प्रदान गरी संस्थागत गर्न र जवाफदेही बनाउन खोजिएको देखिन्छ । यसै तथ्यलाई मूर्तरुप दिन राष्ट्रिय पाठ्यक्रम प्रारुपले पनि स्थानीय आवश्यकतामा आधारित शिक्षालाई औपचारिक विद्यालय शिक्षामा समाहित गर्न खोजेको देखिन्छ ।

यसरी एकातिर स्थानीय निकायलाई नै सशक्त बनाउनको लागि विभिन्न अधिकारहरु प्रदान गर्ने प्रावधानहरु मार्फत स्थानीय आवश्यकता विषयवस्तुहरुलाई समेट्ने, स्थानीयतालाई सम्बोधन हुने पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने लक्ष्यहरु राखेर अगाडि बढेको भएतापनि निर्दिष्ट गरिए अनुसार स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुन नसकेको एवं व्यवस्थित गर्नको लागि सम्बन्धित पक्ष र निकायहरुले वेवास्ता गरेकोले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको प्रक्रिया मात्र औपचारिक प्रावधानमा सीमित रहेको जनगुनासो पनि यदाकदा सुनिन्छ । तसर्थ यस अध्ययनमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धि निम्न प्रश्नहरुको जवाफ खोज्ने प्रयास गरिएको छ ।

(क) स्थानीय पाठ्यक्रम निर्माणमा को-को संलग्न छन् ?

(ख) स्थानीय पाठ्यक्रमको कार्यान्वयनको लागि के-कस्ता योजनाहरु गरिएका छन् ?

(ग) स्थानीय पाठ्यक्रमको कार्यान्वयनको वर्तमान अवस्था कस्तो छ ?

(घ) पाठ्यक्रम कार्यान्वयनमा कठिनाइहरु के-के छन् ?

(ङ) कार्यान्वयनमा देखिएका कठिनाइ हटाउन के-के उपाय अपनाउन सकिन्छ ?

भन्ने उद्देश्यले यो अध्ययनमा यो कुरा पत्ता लगाउने रुची र इच्छा लागेकोले यस अध्ययनमा 'स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था' लाई समस्याको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको महत्व

केन्द्रिय पाठ्यक्रमले स्थानीय आवश्यकता, चाहना लगायत विभिन्न विविधताहरुलाई समेट्न नसकेको देखिन्छ । तसर्थ स्थानीय आवश्यकता, चाहना लगायत विभिन्न क्षेत्रका विविधताहरुलाई समावेश गरी स्थानीय आवश्यकतालाई सम्बोधन गर्नको लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अधिकार स्थानीय निकायलाई प्रदान गरेको देखिन्छ । स्थानीय निकायलाई अधिकार दिएपनि पाठ्यक्रम निर्माण हुन नसकेको अवस्था छ भने पाठ्यक्रम निर्माण भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्नु अर्को समस्याको अवस्था छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनको योजना, वर्तमानको कार्यान्वयनको स्थिति, कार्यान्वयनमा देखिएका कठिनाईहरु र समस्या समाधानका उपायहरु के-के हुन सक्नदछन् भन्ने जस्ता उद्देश्यहरुका साथ अगाडि बढाइने यस अध्ययनको महत्वहरुलाई निम्न बुँदामा समेटिएको छ ।

(क) स्थानीय पाठ्यक्रम कार्यान्वयनको योजनाको बारेमा निष्कर्षमा पुगिने हुँदा अन्य विषयको स्थानिय पाठ्यक्रम कार्यान्वयन कर्ताहरुलाई योजना बनाउन सहयोग पुग्नेछ ।

(ख) स्थानीय पाठ्यक्रमले समाजको आवश्यकतालाई समेट्न सके नसकेको पहिचान गर्न मद्दत पुग्नेछ ।

(ग) कार्यान्वयनमा सुधार पक्ष पहिचान गरी कार्यान्वयन कर्तालाई पृष्ठपोषण दिने छ ।

(घ) अनुसन्धानले सिफारिस गरेका उपायहरु अन्य स्थानमा पनि लागु गर्न सहयोग पुऱ्याउने छ ।

(ङ) यस अनुसन्धानले स्थानीय पाठ्यक्रमको विकासको अवस्था पहिचान गरी निर्माण तथा कार्यान्वयन नभएका विद्यालयहरुमा विकास गर्न सहयोगी हुनेछ ।

(च) स्थानीय पाठ्यक्रमको प्रभावकारिता के कति उपयोगी छ भनी पुष्टि गर्न यस अनुसन्धानले महत्वपूर्ण भूमिका खेल्ने छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन सम्पन्न गर्न निश्चित उद्देश्य लिनुपर्दछ । उद्देश्यले अध्ययनलाई निष्कर्षमा पुग्न मद्दत गर्दछ र सामान्यीकरण गर्न समेत ठूलो सहयोग गर्दछ । मेरो अध्ययन क्षेत्रका विद्यालयहरुमा सञ्चालित 'स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था' बारे गरिने अध्ययनका उद्देश्यहरु निम्न राखिएको थियो ।

(क) स्थानीय पाठ्यक्रम कार्यान्वयनको योजनाको अध्ययन गर्ने ।

(ख) स्थानीय पाठ्यक्रम कार्यान्वयनको स्थिति पहिचान गर्ने ।

(ग) पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको विश्लेषण गर्ने ।

(घ) स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानका प्रश्नहरू

यस अध्ययनका उद्देश्यहरु पुरा गर्नका लागि निम्न अनुसन्धान प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

(क) अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम (वातावरण संरक्षण शिक्षा) कार्यान्वयनको अवस्था कस्तो छ ?

(ख) स्थानीय पाठ्यक्रम निर्माणमा को-को संलग्न छन् ?

(ग) स्थानीय पाठ्यक्रम कार्यान्वयनको योजना कस्तो छ ?

(घ) विषय शिक्षकहरुलाई तालिमको समन्वय कसरी गरिएको छ ?

(ङ) पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्रीहरु उपलब्ध छन् कि छैनन् ?

(च) स्थानीय समुदायको आवश्यकता पाठ्यक्रमले समेट्न सकेको छ/छैन ?

(छ) पाठ्यक्रम मूल्यांकनका लागि कस्ता मापदण्डहरु प्रयोग गरिएको छ ?

(ज) पाठ्यक्रम कार्यान्वयनमा कस्ता समस्याहरु देखा परेका छन् ?

(झ) समस्या समाधानका लागि कस्ता पहल भएका छन् ?

(ञ) पाठ्यक्रम कार्यान्वयनमा अन्य संघ संस्थाको भूमिका कस्तो छ ?

## १.६ अध्ययनको सिमाङ्कन

कुनै पनि अध्ययन अनुसन्धान गर्दा क्षेत्र, अध्ययनको जनसंख्या र नमुनाको आकार निर्दिष्ट गर्नुपर्दछ । अध्ययनकर्ताको इच्छा, सुविधा, समय, अर्थ, स्रोत साधन तथा आवश्यकता

आदिका कारणले अध्ययनको सिमाङ्कन गरिएको हुन्छ । सिमाङ्कन गरिसकेपछि मात्र अध्ययनलाई पूर्णता दिन सकिन्छ । यस अध्ययनलाई निम्न परिधिभित्र रहेर तथ्याङ्क संकलन गरिएको छ ।

(क) मेरो अध्ययन चितवन जिल्लाको दक्षिण क्षेत्र माडी स्थित गर्दी गा.वि.स.अन्तर्गतका सामुदायिक विद्यालयहरुमा मात्र केन्द्रित छ ।

(ख) विभिन्न विषयहरुमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुने गरे पनि मेरो अध्ययन कक्षा ४ र ५ को सामाजिक शिक्षा विषय सँग मात्र सिमित छ ।

(ग) अध्ययन स्थानीय पाठ्यक्रम (वातावरण संरक्षण शिक्षा) को कार्यान्वयन पक्षसँग मात्र सम्बन्धित छ ।

(घ) उत्तरदाताको रुपमा प्र.अ., विषय शिक्षक, विद्यार्थी, अभिभावक र सम्बन्धित क्षेत्रका स्रोत व्यक्तिलाई लिएको छ ।

(ङ) सूचना संकलनका लागि अन्तवार्ता, प्रश्नावली (खुला प्रश्नावली), छलफल, अन्तरक्रिया र कक्षाअवलोकन जस्ता साधनको प्रयोग गरिएको छ ।

(च) यो अध्ययन गुणात्मक प्रकृतिको भएकाले यसको व्याख्या तथा विश्लेषण विशेषतः व्याख्यान प्रकृतिको छ ।

## १.७ संक्षिप्त शब्दावलीहरु

| | |
|---|---|
| वि.नि. | = विद्यालय निरीक्षक |
| पा.वि.के. | = पाठ्यक्रम विकास केन्द्र |
| रा.पा.प्रा. | = राष्ट्रिय पाठ्यक्रम प्रारुप |
| प्र.अ. | = प्रधानाध्यापक |
| गा.वि.स. | = गाऊँ विकास समिति |
| तादात्म्यता | = सम्बन्ध |
| मध्यवर्ती क्षेत्र | = जंगली जनावर र मानिसहरुद्धारा प्रत्यक्ष रुपमा प्रभावित रहेको क्षेत्र |
| स्थानीय पाठ्यक्रम | = स्थानीय क्षेत्रका विषयवस्तुलाई समेटेर स्थानिय सरोकारवाला व्यक्तिहरुको सहभागितामा निर्माण गरिएको पाठ्यक्रम |

# परिच्छेद-दूई

## पूर्व साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

पूर्व साहित्यको पुनरावलोकनले अध्ययनकर्तालाई अध्ययन क्षेत्रमा सोही विषयवस्तु वा मिल्दो जुल्दो अन्य विषयवस्तु सम्बन्धी अध्ययन भए नभएको जानकारी प्राप्त हुन्छ । अघिल्लो अध्ययनको निष्कर्ष र वर्तमानमा त्यो विषयवस्तुको वास्तविकता बिचमा तुलना गर्न समेत सकिन्छ । यसबाट अध्ययनकर्ताले आफ्नो अध्ययनलाई अरु अध्ययनकर्ताले भन्दा पृथक ढंगले अगाडी बढाउने अवसर पाउँछ भने पहिले नै अध्ययन भइसकेको भन्दा फरक विषयवस्तुमा अनुसन्धान गर्ने मौका मिल्दछ । अध्ययनको उद्देश्य पूरा गर्न निर्धारित प्रक्रिया र विधि अनुसार पूर्व साहित्यको समिक्षा गर्नु आवश्यकिय पक्ष हो । स्थानीय पाठ्यक्रमको कार्यन्वयनको अवस्था शिर्षक रहेको मेरो शोधकार्यमा विभिन्न पुस्तक, लेख साहित्य, कृति साहित्य, अप्रकाशित प्रतिवेदन तथा पत्रपत्रिकाहरुबाट पूर्व साहित्यको पुनरावोलोकन गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको सैद्धान्तिक समीक्षा

स्थानीय पाठ्क्रम कार्यान्वयन गर्दा स्थानीय उद्योगपति, व्यापारी, बुद्धिजीवी, शिक्षक, स्रोतव्यक्ति आदिलाई विद्यालयका कक्षामा स्रोत व्यक्तिकै रुपमा ल्याएर अन्तरक्रिया गराउनु पर्छ । स्थानीय व्यक्तिहरुसंग भेटघाट, अन्तरक्रिया, स्थलगत भ्रमण, पुरातात्विक, भौगौलिक, ऐतिहासिक, सांस्कृतिक, कृषि-व्यवसायमा संलग्न व्यक्तिसँग साक्षात्कार समेत गराउनुपर्छ । त्यस्तै सम्बन्धित विद्यालयका शिक्षक/शिक्षिकामा सो विषयमा विशेषज्ञता भएमा उनीहरुबाट अध्यापन गराउन लगाउनुपर्छ । विषयको स्वरुप अनुसार समुदायमा उक्त विषय सम्बन्धि ज्ञान, सीप प्राप्त गरेका वा पेशा वा व्यवसाय गरि बसेका व्यक्तिहरुलाई आमन्त्रण गरि सिकाउन लगाउन सकिन्छ । स्थलगत भ्रमण गराई प्रत्यक्ष अध्ययन गराउनुपर्दछ । आवश्यकता अनुसार विद्यार्थीलाई परियोजना कार्य (Project Work) लगायत अन्य कार्यहरु समेत गर्न लगाउन सकिन्छ भनेर स्थानीय पाठयक्रमको कार्यान्वयन प्रक्रिया उल्लेख गरेको छ ।

"स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था" शिर्षकमा अध्ययनकर्ता शेरबहादुर लामा (२०६८) ले सिन्धुली जिल्लाको मझुवा गा.वि.स.का सामुदायिक विद्यालयहरुको प्राथमिक तहमा गर्नु भएको अध्ययनको निष्कर्षलाई हेर्दा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा सम्बन्धित स्थानीय निकाय निस्क्रिय रहेको र सम्बन्धित व्यक्ति तथा निकायहरुको कमीकमजोरीको कारणले स्थानीय पाठ्यक्रमको कार्यान्वयन निर्दिष्ट प्रक्रिया अनुसार नभएको देखिन्छ ।

त्यस्तै उमलाल भण्डारी (२०६८) ले "स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन प्रक्रिया" शीर्षक राखी सल्लान जिल्लाको थारमारे गा.वि.स.का कक्षा ४ र ५ मा गर्नु भएको अध्ययन प्रतिवेदनको निष्कर्षलाई हेर्दा पाठ्यक्रम कार्यान्वयनको अवस्था कमजोर देखिन्छ । पाठ्यपुस्तकको अभाव, तालिमप्राप्त शिक्षकको कमी, विद्यालयको कमजोरी आर्थिक स्थिति, सम्बन्धित क्षेत्रबाट उपयुक्त नीति निर्देशन र अनुगमनको अभाव रहेकाले स्थानीय पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी हुन सकिरहेको छैन । यस तथ्यबाट पनि के बुझ्न जरुरी छ भने सरोकारवाला सम्पूर्ण पक्षहरुको सहकार्यविना कुनै पनि कार्यक्रमले सफलता प्राप्त गर्न सक्दैन ।

प्राथमिक शिक्षा पाठ्यक्रममा विकेन्द्रीकरणको अवधारणा अनुरुप स्थानीय तहलाई अधिकार प्रदान गरी स्थानीय तहलाई सक्षम, सबल र जवाफ देही बनाउने कुरा उल्लेख गरिएको छ । त्यस्तै स्थानीय विषयको पाठ्यक्रम निर्माण निर्देशिकाले पनि स्थानीय विषयवस्तुहरु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो भनी स्पष्ट किटान गरेको छ । यी प्रावधानहरु एवं अवधारणाहरुले वास्तवमै स्थानीय आवश्यकतालाई सम्बोधन गरी स्थानीय निकायलाई नै पाठ्यक्रम निर्माण देखि कार्यान्वयनको जिम्मेवारी सुम्पेको देखिन्छ ।

-प्राथमिक शिक्षा पाठ्यक्रम परिमार्जित (२०६२) ।

सरकारले प्राथमिक शिक्षालाई गुणस्तरीय, व्यवहारिक र सर्वसुलभ बनाउने कुरामा विशेष जोड दिएको छ । खासगरी शिक्षालाई गुणस्तरीय व्यवहारिक र बालकेन्द्रित बनाउनको लागि पाठ्यक्रम निर्माण प्रक्रियामा नै बालकेन्द्रित हुन जरुरी छ । बालकेन्द्रित भन्ने वित्तिकै त्यो

पाठ्यक्रममा बालकको बालसुलभपन, उसको क्रियाकलाप, उसको क्रियाकलाप, उसको क्रियाकलापलाई निर्धारण गर्ने, ऊ हुर्केको समाज, सामाजिक साँस्कृतिक वातावरण, भेषभूषा लगायत विविध परीवेश प्रतिबिम्वित हुन जरुरी  हुन्छ । कुनै पनि सिकाइ प्रक्रिया त्यतिखेर बालमैत्री साथै बालकको वातावरण मैत्री हुन्छ  जतिखेर ती सम्पूर्ण पक्षहरुलाई पाठ्यक्रममा समावेश गरिन्छ ।

-अधिकारी (२०६७:१८) ।

प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ भनि मौलिक हक अन्तर्गत धारा १७ को शिक्षा तथा सँस्कृति सम्बन्धी हकमा उल्लेख गरिएको छ । त्यस्तै सोही धारा १७ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, सँस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुनेछ भनी उल्लेख गरिएको छ । अन्तरिम संविधानको यो भावना र मूल मर्मलाई बुझ्रेर त्यसलाई कार्यान्वयनमा ल्याउनको लागि स्थानीय स्तरमा रहेको विभिन्न खालको जातिय, भाषिक, साँस्कृतिक आदि विविधताहरुको अध्ययन र अन्वेषण गरी स्थानीय पाठ्यक्रम निर्माण  र कार्यान्वयनमा जोड  दिनुपर्ने देखिन्छ ।

- नेपालको अन्तरिम संविधान (२०६३) ।

विद्यार्थीहरुका विविध आवश्यकता र चाहनाहरुलाई पूरा गर्न र पाठ्यक्रममा स्थानीयतालाई स्थान दिइ सान्दर्भिक बनाउन स्थानीय आवश्यकतामा आधारित अध्ययनको प्रावधान लागू गर्नुपर्दछ । यसका लागि पाठ्यक्रममा विषयवस्तुहरु परिमार्जन गर्ने, निर्देशनहरु सुधार गर्ने र सिकाइ उपलब्धिको मापन गर्नुपर्दछ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिनेछ । यसबाट बालबालिकाहरुले आफुसँग रहेका सीपलाई नयाँ सीपका रुपमा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त हुनेछ ।

- रा.पा.प्रा.(२०६३:२८) ।

स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकाले पनि स्थानीय स्तरमा पाठ्यक्रम निर्माण र कार्यान्वयनको जिम्मेवारी दिएको छ । सामाजिक शिक्षा, शारीरिक शिक्षा र सिर्जनात्मक

कला विषयको २० प्रतिशत पाठ्यवस्तु स्थानीय तहमा निर्माण गर्न सकिने र मातृभाषा वा स्थानीय विषय १०० पूर्णाङ्कको पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्ने प्रावधानको व्यवस्था गरेको छ । स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न श्रमिक, उद्योगपति, व्यापारी, बुद्धिजीवी, शिक्षक स्रोत व्यक्ति आदिलाई संलग्न गराई स्रोत व्यक्तिका रुपमा कक्षा कोठामा ल्याई अन्तक्रिया गराउन सकिन्छ । स्थानीय व्यक्तिसँग भेट, अन्तक्रिया, स्थलगत भ्रमण, पुरातात्विक, भौगोलिक, ऐतिहासिक, साँस्कृतिक, कृषि व्यवसाय आदिमा संलग्न व्यक्तिसँग गई वा कार्यस्थलमा पुगी प्रयोगात्मक कार्य समेत गराउन सकिन्छ ।

- स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका (२०६४:१) ।

धेरै जसो विद्यालयहरुले स्थानीय पाठ्यक्रम तयार गरेको भए पनि कार्यान्वयनलाई निरन्तरता दिन सकेको छैनन् । यस्तो हुनुमा धेरै पक्षहरु जिम्मेवार रहन्छन् । शिक्षासँग सम्बन्धित निकायहरु जिम्मेवार नहुनु, स्थानीय भाषा वा पेशा र सँस्कृतिसँग परिचित दक्ष व्यक्तिहरुलाई पाठ्यक्रम निर्माणमा सहभागी गराउन नसक्नु, शिक्षण सामाग्री तथा पाठ्यपुस्तकको उपलब्धता नहुनु, तालिम प्राप्त शिक्षक पाउन नसक्नु, वर्तमान समयमा धेरै अभिभावकहरुको अंग्रेजी विषयतर्फ मोह बढ्नु जस्ता कारणहरु जिम्मेवार छन् । साथै स्थानीय पाठ्यक्रम विकास र त्यसको कार्यान्वयन भए/नभएको प्रभावकारी ढङ्गले अनुगमन गर्ने प्रभावकारी सयन्त्रको व्यवस्था नहुनु, स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्ष निर्देशनालय, पाठ्यक्रम निर्माण र कार्यान्वयन अवस्था पत्ता लगाउन योजनावद्ध ढंगले अनुगमन र मूल्याङ्कन गर्न नसक्नु जस्ता कारणहरु छन् ।

- शिक्षक मासिक (२०६८) ।

एउटा आदर्श र मूल्यवान पाठ्यक्रम पनि अर्थहीन हुन्छ जब त्यसको विकास पछि प्रभावकारी कार्यान्वयन हुन सक्दैन । नयाँ पाठ्यक्रमको विकास भइसकेपछि विद्यमान संरचनामा पनि परिवर्तन हुन जरुरी छ । जसले मात्र पाठ्यक्रमको परिवर्तन हुन जरुरी छ । जसले मात्र पाठ्यक्रमको परिवर्तित धारणालाई प्रभावकारी रुपमा समाजमा लागु गर्न सक्दछ । प्रभावकारी कार्यान्वयनका लागि मानव तथा भौतिक स्रोतहरुको पनि पुर्नसंरचना हुनुपर्दछ । विद्यमान संरचनामा जबसम्म पुनर्सरचना हुँदैन तबसम्म नवप्रवर्तनले स्थान पाउँदैन ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि केही समय अवश्य लाग्दछ । शिक्षक निपूर्ण, तालिम प्राप्त र योजना अनुसार पाठ्यक्रमलाई कक्षा कोठामा लागु गर्ने सक्षमता भएको हुनुपर्दछ । शिक्षकलाई उपयुक्त तालिम प्रदान गरेमा मात्र पाठ्यक्रम कायान्वयन प्रभावकारी हुन सक्छ र पाठ्यक्रमको माध्यमबाट विद्यालय, समाज र राष्ट्रको आवश्यकता पुरा हुन्छ । भौतिक स्रोत साधनको राम्रो उपलब्धताले मात्र पाठ्यक्रमको उद्देश्य पुरा गर्न सकिन्छ ।

-Aryal & Niure (2010:300).

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धान कार्य गर्दा निश्चित सिद्धान्तलाई आधार मानेर अगाडि बढाउनुपर्ने हुन्छ । त्यसैले यस अध्ययनलाई पनि केही सिद्धान्तहरुको आधारमा अगाडि बढाइएको छ ।

प्रगतिवादका अनुसार - बालकले आफ्नो वातावरण अनुसार जीवनमा सिक्ने सिकाइको छनोट गर्न पाउनुपर्दछ र उसलाई आफ्नो जीवन आफैं अगाडि बढाउने स्वतन्त्रता हुनुपर्दछ ।

- शर्मा (२०६६:६४) ।

प्रगतिवादको यो सिद्धान्तलाई हेर्दा बालकलाई पढाउने भन्दा पनि बालक आफै पढ्न तयार हुने किसिकले उसको आफ्नो वातावरण अनुरुपको विषयवस्तु छनोट गर्ने स्वतन्त्रता उसलाई दिनुपर्ने बुझिन्छ । यस सन्दर्भमा शिक्षकले बालको रुची र चाहनालाई ध्यानमा राखी मार्ग निर्देश गर्नुपर्छ भनिएको छ । यसर्थ प्रगतिवादको यो मर्मलाई हेर्दा पाठ्यक्रम समयानुकुल, समाज र वातावरण अनुकुल, आवश्यकताको परिपूर्ति गर्न सक्ने, विद्यार्थीको चाखमा आधारित, उपयोगी र व्यवहारिक हुनुपर्दछ भन्ने वकालत गर्दछ । यो अवधारणा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवधारणा सँग निकट देखिन्छ । त्यस्तै अस्तित्ववादीहरु पनि पाठ्यक्रमको केन्द्रविन्दु बालक हुनपर्ने कुराको वकालत गर्दछन् । उनीहरुको अनुसार पाठ्यक्रम निर्माणमा शिक्षक र विद्यार्थीको समान भूमिका रहनुपर्ने बताउँछन् भने पाठ्यक्रम पूर्वनिर्धारित र पूर्वनिर्मित रुपमा विद्यार्थीहरुमा लादिनु हुँदैन भन्दछन् ।

यस दर्शनको केन्द्रविन्दु मानिस वा व्यक्ति हो । त्यसैले शिक्षा व्यक्ति - केन्द्रित हुनुपर्दछ । अर्थात शिक्षा विद्यार्थी - केन्द्रित हुनुपर्दछ । पाठ्यक्रममा पूर्वनिर्धारित कुराहरु समावेश गरिनुहुदैन । व्यक्तिका आवश्यकता र उसका इच्छा अनुसारका विषयहरु पाठ्यक्रममा

समावेश गरी पाठ्यक्रम विद्यार्थी केन्द्रित बनाइनु पर्दछ । पूर्व निर्धारित कुराहरुको विरोधको विश्लेषण गर्दा पाठ्यक्रम विद्यार्थी-निर्मित हुनुपर्दछ भन्ने आशय यस दर्शनको रहेको मान्न सकिन्छ ।

- शर्मा (२०६६:७५) ।

खासगरी सामाजिक विषय अन्तर्गत निर्माण गरिने स्थानीय पाठ्यक्रम निर्माणको प्रक्रिया पनि वास्तवमा बालक हुर्केको, उसले जम्मदा देखि नै अनुभव गरेको, देखेको, परिचित, जानेको, सुनेको कुराहरुलाई अर्थात उसको सामाजिक सेरोफेरोको विभिन्न पक्षलाई समावेश गरी निर्माण गरिने र कार्यान्वयन गरिने भएकोले उसको सिकाइ समाजबाट प्रत्यक्ष प्रभावित हुन्छ भन्ने मान्यता यहाँ झल्किन्छ ।

त्यसैले प्रभावकारी एवं बालमैत्री तथा ऊ जन्मेको वातावरण मैत्री पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न आवश्यक छ भन्ने मान्यता अनुरुप नै स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवधारणा अगाडि आएको देखिन्छ । यो अवधारणाको सम्बन्ध भिगोत्स्कीको सामाजिक सिकाइ सिद्धान्तको नजिक देखिन्छ । तसर्थ यस अध्ययनलाई भिगोस्कीको सामाजिक सिकाइ सिद्धान्तसँग जोडेर हेर्न सकिन्छ ।

## २.३ शैक्षिक उपादेयता

केन्द्रीय पाठ्यक्रमले सम्पूर्ण विद्यार्थीहरुको आवश्यकता तथा चाहना पुरा गर्न कठिन पर्दछ । भौगोलिक विविधता अनुसार सबै क्षेत्रमा एउटै खालको सिप तथा ज्ञानको सञ्चार कामयावी हुन पनि सक्दैन । समाज अनुसार आवश्यकता पृथक छन् त्यसैले स्थानिय समाजको आवश्यकता सम्बोधन गर्ने उद्देश्यले स्थानिय सरोकारवाला व्यक्तिहरुको सहभागितामा स्थानिय आवश्यकता पुरा गर्ने खालका विषयवस्तु समेटेर पाठ्यक्रम तयार गर्ने र कार्यन्वयन गर्ने अवधारणाको विकास भएको हो । केन्द्रिय पाठ्यक्रमले तोकेको भन्दा पनि आफ्नै परिवेशमा तयार गरिएको पाठ्यक्रमको अध्ययनबाट विद्यार्थीले आफ्नो स्थानिय संस्कृति, भाषा, धर्म, पेशा, व्यवसायहरु बारे प्रत्यक्ष सहभागी भएर सिक्न पाउने भएकोले यस्तो ज्ञान सिप सजिलै धारण हुन सक्ने तथा आफ्नो परिवेशमा सजिलै समायोजन हुने वातावरण प्राप्त गर्दछन् ।

सम्बन्धित साहित्यको अध्ययनबाट स्थानिय पाठ्यक्रमको निर्माण र कार्यन्वयनले कुन-कुन क्षेत्रमा कसरी प्रभाव पारेको छ ? स्थानिय पाठ्यक्रमको किन आवश्यकता छ ? जस्ता प्रश्नहरुको जवाफ प्राप्त भएको छ । सम्बन्धित साहित्यको पुनरावलोकनबाट यस अध्ययनको लागि निर्दिष्ट बाटाहरु निर्माण गर्न, अध्ययन सैद्धान्ति खाका निर्माण गर्न तथा अध्ययनमा समेट्नु पर्ने विषयवस्तुहरुको जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउने कुरालाई सम्बन्धित साहित्यको शैक्षिक उपादेयताको रुपमा समेटेको छ ।

# परिच्छेद-तीन

## अध्ययन विधि

अध्ययन विधि कुनै पनि अनुसन्धानको महत्वपूर्ण पक्ष हो । अनुसन्धानलाई कसरी कुन विधि प्रयोग गरी सम्पन्न गर्ने भन्ने कुरा अध्ययनकर्ताले बुझेर योजना बनाएर अघि बढ्न सके उचित निष्कर्षमा पुग्न सकिन्छ । यस अध्ययनलाई निम्न ढाँचा, नमूना छनोट प्रक्रिया, सूचना संकलनका स्रोत र साधनहरु प्रयोग गरी सम्पन्न गरिएको थियो । साथै यस अध्ययनलाई गुणात्मक अनुसन्धान पद्धति प्रयोग गरी सम्पन्न गरिएको थियो ।

### ३.१ अनुसन्धान ढाँचा

यो अध्ययनकार्य मूलरुपमा गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेपनि कतिपय तथ्याङ्कहरुलाई संख्यात्मक रुपमा पनि संकलन गरी व्याख्या विश्लेषण गरी प्रस्तुतीकरण गरिएको छ । स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्थाको बारेमा गरिने यस अध्ययनमा छुट्टाछुट्टै उद्देश्यहरु पुरा गर्न फरक फरक सूचना संकलनका साधन निर्माण गरी सम्बन्धित सरोकारवालाहरुको समूहमा प्रयोग गरी निष्कर्ष सम्म पुग्न एउटा संरचनागत बाटो तय गरिएको थियो ।

**अध्ययनलाई निम्नानुसारको तालिकाद्धारा प्रष्ट पारिएको छ :**

| क्र.सं. | अध्ययनका उद्देश्यहरु | तथ्याङ्कका स्रोतहरु | साधनहरु |
|---|---|---|---|
| १. | स्थानीय पाठ्यक्रमको कार्यान्वयनको योजनको अध्ययन गर्ने । | प्र.अ., स्रोत व्यक्ति | खुला प्रश्नावली<br>अन्तवार्ता छलफल |
| २. | स्थानीय पाठ्यक्रमको कार्यान्वयनको स्थिति पहिचान गर्ने । | प्र.अ., शिक्षकहरु, अभिभावक, | - खुला प्रश्नावली<br>- अन्तर्वार्ता<br>- छलफल<br>- कक्षा अवलोकन |
| ३. | स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु विश्लेषण गर्ने । | प्र.अ., शिक्षक, अभिभावक, स्रोत व्यक्ति | - खुला प्रश्नावली<br>- समूह छलफल |
| ४. | स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु सुझाउने । | | |

## ३.२ सूचनाको स्रोत

(क) **प्राथमिक स्रोत** : यो शोध अध्ययनको क्रममा तथ्याङ्कको प्राथमिक स्रोतको रुपमा स्रोत व्यक्ति, प्र.अ., शिक्षक, अभिभावक, स्थानिय वुद्धिजीवी र विद्यार्थीहरुलाई तथा कक्षा अवलोकनलाई लिइएको थियो ।

(ख) **सहायक स्रोत** : अध्ययनको उद्देश्य पुरा गर्न सहायक स्रोतको रुपमा विभिन्न पुस्तक, सन्दर्भ पुस्तक, विद्यालय तथा स्रोत केन्द्रले संग्रह गरेका सूचनाहरुलाई लिएको थियो ।

## ३.३ नमूना छनोट

यस अध्ययनमा अध्ययन क्षेत्र छनोटको लागि Purposive Sampling Method प्रयोग गरिएको थियो । विद्यालयहरु छनोटको लागि Convenience Sampling Method को प्रयोग गरिएको थियो । सम्बन्धित विद्यालयका प्र.अ., विषय शिक्षक तथा स्रोत व्यक्तिहरुलाई नै अध्ययनमा समावेश गरिएको थियो । अभिभावकहरुको छनोट गर्नका लागि भने Snow ball sampling Method को प्रयोग गरिएको थियो ।

## ३.४ साधनको निर्माण

अध्ययनको लागि सूचना संकलनको साधनको रुपमा खुला प्रश्नावली, अन्तवार्ता तथा अन्तक्रिया, कक्षा समुह छलफल, कक्षा अवलोकन र छलफललाई प्रयोग गरिएको थियो । प्रश्नावली र कक्षा अवलोकन फारामको निर्माण गरिएको थियो भने अन्य विधिको निश्चित योजना गरिएको थियो । स्रोत व्यक्ति, प्र.अ., विषय शिक्षक, अभिभावकहरुका लागि प्रश्नावलीको प्रयोग गरिएको थियो ।

## ३.५ साधनको विश्वसनीयता र वैधता

यस अध्ययनकार्यलाई सम्पन्न गर्न निर्माण गरीएका प्रश्नावलीहरु आफ्ना सहपाठी साथीहरुको समूहमा छलफल गरी सुधार गरिएको थियो । त्यसपछि शोध निर्देशक ज्यूको मूल्याङ्कन र सुधार पछि साधनहरुलाई अन्तिम रुप दिइयो । उक्त साधनहरुको प्रयोगबाट यस अनुसन्धानलाई पूर्णता दिन ठूलो सहयोग पुग्ने विश्वासका साथ अध्ययन कार्य अगाडि बढाइयो ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलन गर्न निर्माण गरिएका विभिन्न साधनहरुको उचित प्रयोग गर्दै लक्षित समुदायको घर घरमा तथा विद्यालय र स्रोतकेन्द्रमा आफैं उपस्थित भई आवश्यक तथ्यांक संकलन गरिएको थियो ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि अनुसन्धानको महत्वपूर्ण पक्ष तथ्याङ्कको व्याख्या र विश्लेषण हो । सूचना र तथ्याङ्कहरु राम्ररी संकलन गरेर तिनको उचित व्याख्या, विश्लेषण गर्न सकिएन भने अनुसन्धानका उद्देश्यहरु पुरा हुन सक्दैनन साथै उचित निष्कर्ष निकाल्न सकिदैन तसर्थ यस अध्ययनलाई सम्पन्न गर्न समय समयमा यस अनुसन्धानका निर्देशक ज्यू र अन्य विज्ञहरुसँग राय, सुझाव निर्देशन लिइ तथ्याङ्कको व्याख्या र विश्लेषण गरी सम्पन्न गरिएको छ ।

# परिच्छेद-चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

नेपालको मध्य तराईमा अवस्थित चितवन जिल्लाको विविधता भित्र रहेको माडी क्षेत्रमा चारवटा गा.वि.स.हरु छन् । माडी क्षेत्रमा ४६ वटा सामुदायिक विद्यालयहरु छन् । त्यस मध्येको एउटा गर्दी गा.वि.स. र यस क्षेत्र भित्रका ११ वटा सामुदायिक विद्यालयहरुमा केन्द्रित यस अध्ययनमा श्री सोमेश्वर उ.मा.वि. (प्राथमिक तह) बरुवा, श्री पञ्चपाण्डप प्रा.वि. पाण्डपनगर र रत्ननगर प्रा.वि. रत्ननगर (सेरुवा) गरी ३ वटा विद्यालयहरुलाई सहजताको आधारमा नमुनाको रुपमा लिइएको थियो । यी विद्यालयहरुमा शैक्षिक सत्र २०६८ देखि सामाजिक विषयसँग एकीकृत गरी २० प्रतिशत स्थानिय पाठ्यक्रमको विषयवस्तुको रुपमा कक्षा ४ र ५ मा 'वातावरण संरक्षण शिक्षा' पठनपाठन गर्दै आएको छ । यसको वास्तविक कार्यान्वयनको अवस्थालाई नै अध्ययनको उद्देश्य राखिएको थियो ।

अनुसन्धानको क्रममा तथ्याङ्क संकलनका लागि प्रश्नावली, खुल्ला अन्तर्वाता, समुह छलफल, कक्षा अवलोकन फाराम जस्ता साधनको प्रयोग गरिएको थियो । उत्तरदाताहरुमा सम्बन्धित विद्यालयका शिक्षक, प्र.अ., त्यसै विद्यालयसँग सम्बन्धित स्रोत व्यक्ति, विद्यार्थीका अभिभावकहरुलाई लिइएको थियो । तथ्याङ्क संकलनबाट प्राप्त सूचनाहरुलाई अध्ययनका उद्देश्य तथा अनुसन्धानात्मक प्रश्नहरुको आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी क्रमबद्ध रुपमा विभिन्न शिर्षक तथा उपशिर्षकहरुमा प्रस्तुत गरिएको छ ।

## ४.१ स्थानिय पाठ्यक्रम कार्यान्वयनको योजना

### ४.१.१ स्थानिय पाठ्यक्रम निर्माण योजना

चितवन जिल्लाको माडी क्षेत्र चितवन राष्ट्रिय निकुञ्ज तथा सोमेश्वर र चुरे सामुदायिक वन क्षेत्रले चारै तिरबाट घेरिएर रहेको छ । माडी क्षेत्रमा ४६ वटा सामुदायिक विद्यालयहरु छन् । चारवटा गा.वि.स रहेको यस क्षेत्रमा गर्दी गा.वि.स. र बघौंडा गा.वि.स. क्षेत्रका विद्यालयहरुको शैक्षिक अनुगमन स्रोत केन्द्र बरुवाले गरेको छ भने कल्याणपुर गा.वि.स. र अयोध्यापुरी गा.वि.स. क्षेत्रका विद्यालयहरुको शैक्षिक अनुगमन स्रोतकेन्द्र अयोध्यापुरीले

गरेको छ । यस क्षेत्रमा वन र वन्यजन्तु संरक्षण सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी सस्थाहरु पनि कार्यरत छन् ।

स्थानीय रुपमा संरक्षण शिक्षाको आवश्यकता पनि भएको र यहाँको भौगोलिक परिस्थिती पनि मिल्दो देखिएकोले विद्यालय निरीक्षक, स्रोत व्यक्तिहरु, प्र.अ.हरु, स्थानीय सरोकारवाला व्यक्तिहरु, संरक्षणका लागि काम गरी रहेका संघसंस्थाका प्रतिनिधीहरुको बीचमा छलफल तथा बहस भएर स्थानिय पाठ्यक्रमको नयाँ अवधारणालाई विद्यालयमा भित्राउन पनि सकिने र वातावरण संरक्षणको विश्वव्यापी अभियानमा विद्यार्थी वर्गलाई सहभागि पनि गराउन सकिने जस्तो हितकारी कार्यको सुरुवात गर्नको लागि माडी क्षेत्र स्तरीय कार्यशालाको आयोजना गरेको पाइयो । सो कार्यशालामा वि.नि. स्रोत व्यक्तिहरु, मध्यवर्ती क्षेत्रका प्रतिनिधीहरु, विभिन्न विद्यालयका प्र.अ.हरु तथा शिक्षकहरु, विभिन्न उपभोक्ता समितिका प्रतिनिधीहरु, वन तथा वन्यजन्तु  संरक्षणका क्षेत्रमा कार्य गरिरहेको संघ-सस्थाका प्रतिनिधीहरु समावेश भएको पाइयो । दुई दिन सम्म चलेको उक्त कार्याशालाले स्थानीय पाठ्यक्रम मस्यौदा लेखन समिति गठन गऱ्यो र सोही समितिले स्थानिय पाठ्यक्रम तयार पारेको पाइयो । यसरी एउटा योजनावद्ध प्रयास स्वरुप स्थानीय पाठ्यक्रम कार्यान्वयनको योजना गरेको देखियो ।

पाठ्यक्रम निर्माण कार्यशालाका सहभागीहरु तथा पाठ्यक्रम मस्यौदा समितिमा समावेश व्यक्तित्वहरुको नामावली यसै प्रतिवेदनको अनुसूची ६ मा राखिएको छ ।

**तालिका नं. ४.१**

**स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया**

**वि. नि., प्र.अ., शिक्षक, स्रोत व्यक्ति, विभिन्न संघसस्थाका प्रतिनिधीहरु सहभागी भएको कार्यशाला**

↓

**पाठ्यक्रम मस्यौदा समिति**

↓

**स्थानीय पाठ्यक्रम (वातावरण संरक्षण शिक्षा) तयार**

↓

**स्रोत व्यक्ति र प्र.अ.हरुको संयुक्त वैठकद्धारा पाठ्यक्रम अनुमोदन**

### ४.१.२ स्थानीय पाठ्यक्रम कक्षाकोठामा कार्यान्वयनको योजना

स्रोतकेन्द्र तहमा 'वातावरण संरक्षण शिक्षा' विषयको पाठ्यक्रम तयार गरि सकेपछि गर्दी गा.वि.स.मा रहेको स्रोत केन्द्र बरुवा मातहतका ११ वटा सामुदायिक विद्यालयहरुको आधारभुत तह कक्षा ४ र ५ मा सामाजिक विषयसँग २० प्रतिशत विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम एकरुपताका साथ कार्यान्वयनमा ल्याउन स्रोतकेन्द्रले निर्देशन दिएको पाइयो । मासिक रुपमा हुने स्रोतकेन्द्र स्तरीय प्र.अ. बैठकमा स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रभावकारी रुपमा गराउन अर्न्तक्रिया भएको पाइयो ।  विगत समय देखि सामाजिक विषय अध्यापन गराउदै आईरहेका शिक्षकहरुले नै स्थानीय पाठ्यक्रम अध्यापन गर्ने योजना रहेको पाइयो । स्थानीय पाठ्यक्रमको अध्यापनका लागी कुनै तालिमको व्यवस्था नभएको र विद्यार्थी माझमा पाठ्यपुस्तक समेत नभएको अवस्थामा सबै क्षेत्रका विद्यार्थीलाई एउटै खालको ज्ञानको सञ्चार होस् भन्नको लागी समय समयमा विषय शिक्षकहरुको अन्तर्क्रिया कार्यक्रम गर्ने योजना गरेर पाठ्यक्रम कार्यन्वयनलाई अगाडि बढाएको पाइयो ।

स्थानीय पाठ्यक्रमको मूल्यांकनको लागि सामाजिक विषय सरह नै मूल्यांकन प्रणाली कायम गरिने योजना रहेको पाइयो । विशेष गरी पाठ्यक्रममा वातावरण संरक्षण, पर्यटकीय क्षेत्र,

धार्मिक सांस्कृतिक क्षेत्र, प्राकृतिक प्रकोपका बारेमा अध्यापन गराउने भएकोले सानो खालको (छोटो) क्षेत्र भ्रमण पनि गराउने भन्ने योजना रहेको पाइयो । यिनै क्रियाकलापद्धारा स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउने योजना गरेको देखियो ।

## ४.२ स्थानीय पाठ्यक्रम कार्यान्वयनको स्थिति

वातावरण संरक्षण शिक्षा (स्थानीय पाठ्यक्रम) मा विशेष गरी वन र वन्यजन्तु, सिमसार र जलचर, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, वैकल्पिक उर्जा, सास्कृतिक तथा पर्यटकीय क्षेत्र सँग सम्बन्धित विशेष वस्तुलाई समावेश गरिएको उक्त स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन गर्न शिक्षकहरुको कक्षा अवलोकन गरिएको थियो भने विद्यार्थीहरुसँग समुह छलफल गरिएको थियो । त्यस्तै गरी प्र.अ., विषय शिक्षक तथा अभिभावकहरुबाट प्रश्नावली र अन्तवार्ताको माध्यमबाट समेत तथ्याङ्क संकलन गरिएको थियो । शिक्षक तालिमको स्थिति, सन्दर्भ सामाग्रीहरुको उपलब्धता, शिक्षकको कक्षा अवलोकन, अन्तवार्ता तथा विद्यार्थीहरुको समूह छलफललाई स्थानीय पाठ्यक्रमको कार्यान्वयनको स्थिति पहिचान गर्ने आधार बनाइएको थियो । जसबाट प्राप्त जानकारीहरुलाई  विभिन्न उपशीर्षहरुमा व्याख्या एंव विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

विद्यार्थीहरुलाई समूह छलफलको क्रममा स्थानीय विषय शिक्षण गर्दा भए गरेका शिक्षक एवं विद्यार्थीहरुका क्रियाकलापहरुसँग सम्बन्धित गराइएको थियो । जसमा शिक्षकको शिक्षण सिकाई क्रियाकलाप, शैक्षिक सामाग्रीको प्रयोग, शिक्षण विधि, उदाहरणको प्रयोग, छलफल, अन्तरक्रिया, अभ्यास एवं योजना कार्य, विद्यार्थीहरुको ध्यानाकर्षण आदि विषयमा छलफलबाट प्राप्त निर्ष्कषलाई निम्न अनुसार विश्लेषण एवं व्याख्या गरिएको छ ।

### ४.२.१ शिक्षक तालिमको अवस्था

स्थानीय पाठ्यक्रम अध्यापनका लागी कुनै पनि तालिम कार्यक्रमको प्याकेज जिल्ला शिक्षा कार्यालय वा स्रोतकेन्द्र स्तरबाट सञ्चालन गरिएको अवस्था नरहेको पाइयो । शिक्षकको अनुभवलाई नै शिक्षणको आधार बनाइएको पाइयो । कक्षा शिक्षणमा आएका समस्याहरुलाई सहपाठी शिक्षकहरु बीचमा छलफल गरी समाधान खोजिने पद्धति रहेको पाइयो । स्रोतकेन्द्रले छुट्टै तालिम कार्यक्रम संचालन नगरे पनि समय समयमा स्थानीय पाठ्यक्रम

प्रभावकारी कार्यान्वयनका लागि स्रोतकेन्द्र स्तरमा अन्तरक्रिया कार्यक्रमहरु चलाउने गरेको पाइयो ।

शिक्षकहरुले आफूलाई तालिम नदिएको र स्रोतकेन्द्र तथा वन र वन्यजन्तु संरक्षणको क्षेत्रमा काम गरिरहेको सरकारी तथा गैरसरकारी सस्थाहरुबाट समय समयमा अन्तरक्रिया तथा छलफल कार्यक्रममा सहभागी गराइएको बताए । यसबाट के प्रष्ट हुन्छ भने स्थानीय पाठ्यक्रम शिक्षणका लागि शिक्षकहरुलाई कुनै पनि तालिम दिइएको छैन र सहपाठीहरु साथीहरु बीचको अन्तरक्रियाले नै तालिमको खाँचो टार्ने प्रयास भएको देखिन्छ ।

### ४.२.२ पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्रीको उपलब्धता

अध्ययन क्षेत्रको नमुना छनौटमा परेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रसँग सम्बन्धीत पाठ्यपुस्तकको अभाव रहेको पाइयो । सर्न्दभ सामाग्रीको उपलब्धता केही मात्रामा भएपनि पर्याप्त नभएको देखियो । वन र वन्यजन्तु, पर्यटकीय क्षेत्र, जलचर र सिमसार, प्राकृतिक प्रकोप, वैकल्पिक उर्जा, सास्कृतिक महत्वको क्षेत्रहरुको बारेमा जानकारी दिने केही बुलेटिनहरु, अन्य पुस्तकहरु, चित्रहरु, पोष्टरहरु, पम्पलेटहरुबाट नै शिक्षकहरुले विद्यार्थीहरुलाई आवश्यक पर्ने सूचनाहरु संकलन गर्ने गरेको बताए । स्थानीय पाठ्यक्रमको कार्यान्वयनको लागि भनेर निर्दिष्ट गरिएका त्यस्ता सर्न्दभ सामाग्री नभए तापनि अन्य विषय र सर्न्दभबाट मिल्दा जुल्दा विषयवस्तु ल्याएर शिक्षकहरुले अध्यापन गराइरहेको अवस्था देखियो । यसबाट के निर्ष्कषमा पुग्न सकिन्छ भने स्थानीय पाठ्यक्रमसंग सम्बन्धीत पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्रीहरुको विद्यालयमा प्रर्याप्त मात्रामा उपलब्धता छैन ।

### ४.२.३ विद्यार्थी समूह छलफल

स्थानीय विषयको पाठ्यपुस्तकको व्यवस्था नभएकोले अध्ययन गर्न कठिन भएको विद्यार्थीहरुले बताए । त्यस्तै आज पढिसकेपछि भोलि के पढ्ने अथवा सरले कुन विषयवस्तु पढाउने हो भन्ने अन्योलता उनीहरुमा रहेको बताए । त्यस्तै कतिपय विषयवस्तुहरु कक्षाकोठामा छलफल गरिएतापनि बिर्सने हुन्छ, यस्तो अवस्थामा पुस्तकको अभावले गर्दा घरमा गएर फेरि पढन नपाएको गुनासो उनीहरुको देखिन्थ्यो । शिक्षकले पढाउने बेलामा विभिन्न तालिकाहरु, पोष्टरहरु प्रदर्शन गरी आवश्यक कुराहरुको व्याख्या गरी पढाउने गरेको

उनीहरुले बताएका थिए भने सो कक्षामा सिर्जनात्मक कार्य गर्ने, अभ्यास गर्ने जस्ता क्रियाकलापको अभाव रहेको केही विद्यार्थीहरुले बताए ।

नजिकमा पर्ने धार्मिक तथा पर्यटकीय स्थलको छोटो अवलोकन भ्रमण जाने गरेको र त्यसको बारेमा छलफल गर्ने गरेको विद्यार्थीहरुले बताए भने अन्य धार्मिक स्थल तथा पर्यटकीय स्थल टाढा रहेको भन्दै शिक्षकहरुले नलैजाने बताए ।

यस समुह छलफलबाट के भन्न सकिन्छ भने स्थानीय पाठ्यक्रम कार्यान्वयनका सर्न्दभमा शिक्षकहरुले शिक्षण गरिने विषयवस्तुको आवश्यक योजना कक्षामा प्रस्तुत नगरिएकोले विद्यार्थीहरुलाई भोली के पढ्ने भन्ने जस्ता अन्योलता भएको देखिन्छ । अर्को तिर कक्षाकोठामा मात्र सिमित एंव व्याख्यान विधिको मात्र प्रयोगले विद्यार्थीहरुलाई शिक्षण सिकाई प्रक्रियामा सक्रिय बनाउन नसकिने देखिन्छ भने कक्षा शिक्षणको वातावरण निरश र दिक्क लाग्दो हुन सक्छ । तसर्थ शिक्षण सिकाई प्रक्रियामा विद्यार्थी केन्द्रीत, क्रियाकलाप केन्द्रित शिक्षण प्रक्रिया अपनाउनु पर्ने देखिन्छ । त्यस्तै लघुक्षेत्र भ्रमणमा जोड दिदै उनीहरुलाई (विद्यार्थीहरु) त्यसको बारेमा प्रतिवेदन तयार पार्न लगाउदा अझ उपयुक्त हुने देखिन्छ ।

### ४.२.४ कक्षाकोठामा पाठ्यक्रम कार्यान्वयन

स्थानीय विषयको पाठ्यक्रम निर्दिष्ट प्रक्रिया अनुसार कार्यान्वयन भए नभएको अध्ययन गर्नको लागि छनौटमा परेका विद्यालयहरुको प्र.अ. को अनुमति लिइ कक्षा अवलोकन गरिएको थियो । क्रमैसँग सोमेश्वर उ.मा.वि, प्रा.वि. सेरुवा र पञ्चपाण्डप प्रा.वि. को कक्षा अवलोकन विवरणलाई तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

सोमेश्वर उच्च मा.वि. मा कक्षा ५ को स्थानीय विषय पाठ्यक्रमको 'वन र वन्यजन्तु' पाठको शिक्षण अवस्था तल प्रस्तुत गरिएको छ ।

### तालिका नं. ४.२

### 'वन र वन्यजन्तु' पाठको शिक्षण अवस्था

| शिक्षणको सुरुवात (आवश्यक तयारी) | शिक्षण विधि | शैक्षिक सामाग्रीहरु | क्रियाकलापहरु | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| १.शिक्षणको योजना नबाइएको ।<br>२.विद्यार्थीको ध्यानार्कषण भएको<br>३.पूर्व ज्ञानको परीक्षण नगरिएको | १.व्यख्यान<br>२.छलफल<br>३.प्रदर्शन | चार्ट (वनका प्रकार उल्लेख गरिएको) | १.वन कनि प्रकारको हुन्छ भनी सोधिएको<br>२.वनका प्रकार बताउदै पाटीमा लेखिएको र तिनको व्याख्या गरिएको<br>३. वनबाट हुने फाइदाहरुको व्याख्या गरिएको । | १.सोधेको प्रश्नको जवाफ दिने गरेको<br>२.छलफलमा भाग लिए पनि सक्रियता नदेखाएको । |

माथिको तालिका कक्षा अवलोकनबाट प्राप्त जानकारीहरुको विवरण हो । विषय शिक्षकले कक्षामा प्रवेश गरी सकेपछि विद्यार्थीहरुलाई समूहमा विभाजन गरि दिएको र चार्टको प्रदर्शन गर्नु भन्दा पहिले वन कति प्रकारका हुन्छन भनी सोध्दा कुनै-कुनै विद्यार्थीले जवाफ दिएको । जवाफ पूर्ण नभएतापनि उनीहरुको प्रयास प्रशंसनिय देखिन्थ्यो । त्यस पछि शिक्षकले चार्टको प्रदर्शन गर्दै वनको प्रकार पाटीमा टिपेर तिनको व्याख्या गर्न थालेकोले समूहमा विभाजित विद्यार्थीहरुको भूमिका खासै अर्थपूर्ण नरहेको देखियो ।  अध्यापनको बीच-बीचमा समूहलाई इंगित गरि केही प्रश्न गरेपनि विद्यार्थी सक्रिय रहेनन् । यसबाट के भन्न सकिन्छ भने शिक्षणको सुरुवातमा विद्यार्थी सक्रिय भएपनि शिक्षकले व्याख्यान शैलीको धेरै समय प्रयोग गरे पछि विद्यार्थीहरु चुपचाप हुन बाध्य थिए । समूह विभाजन गरेर शिक्षण गर्न खोजिए पनि विद्यार्थी छलफलको उपयुक्त वातावरण मिलाउन नसक्दा छलफल विधि त्यति प्रभावकारी हुन सकेन । कक्षाकोठा व्यवस्थापन त्यति राम्रो हुन नसकेको देखियो । त्यसकारण विद्यार्थी माझमा पाठ्यपुस्तकको व्यवस्था र शिक्षकलाई तालिम प्रदान गर्न सकिएमा निर्दिष्ट तरिकाले पाठ्यक्रम कार्यान्वयन हुने कुरामा दुईमत हुदैन ।

स्थानीय विषयको पाठ्यक्रम निर्दिष्ट प्रक्रिया अनुसार कार्यान्वयन भए नभएको अध्ययन गर्नको लागि छनौटमा परेको अर्को विद्यालय रा.प्रा.वि. रत्नपुर (सेरुवा) को कक्षा ४ मा

अवलोकन गरिएको थियो । सो अवलोकनबाट प्राप्त जानकारीहरुलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरी व्याख्या एवं विश्लेषण गरिएको छ ।

**तलिका नं. ४.३**

**'प्राकृतिक प्रकोप' पाठको शिक्षण अवस्था**

| शिक्षणको सुरुवात (आवश्यक तयारी) | शिक्षण विधि | शैक्षिक सामाग्रीहरु | क्रियाकलापहरु | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| १.शिक्षणको योजना नबाइएको ।<br>२.विद्यार्थीको ध्यानार्कषण भएको<br>३.पूर्व पाठको स्मरण गराइएको | १.व्याख्यान<br>२.प्रश्नोत्तर<br>३.प्रदर्शन | पोष्टर (पहिरो गएको)<br>चित्र<br>चार्ट | १. पूर्वपाठको स्मरण गराउदै छोटो प्रश्नहरु सोधिएको<br>२.प्रकृतिक प्रकोपहरुको परिभाषा दिदै पोष्टर र चित्रहरु प्रस्तुत गरिएको<br>३. प्राकृतिक प्रकोपबाट हुने क्षतिहरुको बारेमा व्याख्या गरिएको<br>४.प्रकोप नियन्त्रणको उपायहरुको बारेमा व्याख्यान गरिएको | १.प्राकृतिक प्रकोपको नाम बताउने प्रयास गरिएको<br>२.ध्यानपूर्वक सुनेको |

माथिको तालिकामा प्रस्तुत गरिएको जानकारीहरुको विवरणहरु अनुसार के प्रष्ट हुन्छ भने शिक्षकले कक्षाको आरम्भमा नै पूर्व पाठको स्मरण गराएको र पोष्टरहरु देखाउदै व्यख्यान गरेको देखियो । प्रश्नोत्तर गर्दै कक्षा संचालन भएको र विद्यार्थीहरु पनि पाठसंग परिचित नै भएकोले होला कक्षा क्रियाकलाप प्रभावकारी देखियो । यसबाट कक्षाकोठामा स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयन प्रभावकारी रुपमा भएको देखिन्छ ।

त्यस्तै छनौटमा परेको अर्को विद्यालय पाण्डपनगर प्रा.वि. को कक्षा ५ मा गरिएको कक्षा शिक्षणको अवलोकनबाट प्राप्त विवरणलाई तल तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.४**

**'प्राकृतिक प्रकोप' पाठको शिक्षण अवस्था**

| शिक्षणको सुरुवात (आवश्यक तयारी) | शिक्षण विधि | शैक्षिक सामाग्रीहरु | क्रियाकलापहरु | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| १.शिक्षणको योजना बनाएको ।<br>२.विद्यार्थीको ध्यानार्कषण नभएको<br>३.पूर्व पाठको स्मरण नगराइएको | १.व्यख्यान<br>२.छलफल<br>३.प्रश्नोत्तर | चार्ट | १. सिमसारको बारेमा परिचय दिइएको र छलफल गराइएको<br>२.कस्तो स्थानलाई सिमसार भनिन्छ भनि सोधिएको<br>३.सिमसार क्षेत्रको उदाहरण दिइएको टिपोट गर्न लगाइएको | १.छलफलमा निस्कृय रहेको<br>२.अलमलमा परेको<br>३.सिमित प्रश्नमा मात्र उत्तर दिएको<br>४.पाटीमा लेखेको कुरा टिपोट गरेको |

यो कक्षा अवलोकन गर्दा शिक्षकले योजना गरेर कक्षामा प्रवेश गरेपनि पूर्वपाठको स्मरण नगराइ कक्षा आरम्भ गरेको पाइयो । विद्यार्थीहरु कक्षामा सक्रिय रहेको देखिएन । विद्यार्थीसँग आधारभूत ज्ञानको लागि पाठ्यपुस्तक नभएको तथा पाठ नयाँ भएर पनि त्यस्तो भएको अनुभव गर्न सकिन्छ । शिक्षकले एक दुईवटा उदाहरण दिए पछि मात्र केही प्रतिक्रिया विद्यार्थीले दिए । वोर्डमा टिपिएको सूचनाहरुलाई टिपोट गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने पाठ्यपुस्तकको आवश्यकता खड्केको देखिन्छ । त्यस्तै शिक्षकले कक्षाकोठा उपयुक्त तरिकाले व्यवस्थापन गर्न पहल गर्नु पर्दछ ।

समग्रमा कक्षाकोठामा स्थानीय विषयको पाठयक्रम कार्यान्वयन केही हदसम्म प्रभावकारी रहेको देख्न सकिन्छ । तथापि शिक्षक तालिम, उपयुक्त शिक्षण सामाग्री, सबै विद्यार्थी माझमा पाठ्यपुस्तकको उपलब्धता नभएकोले  गर्दा शिक्षकलाई कक्षा शिक्षणमा समस्या रहेको देखिन्छ । विद्यार्थीको ध्यान पाठ प्रति केन्द्रित गराउन र शिक्षणलाई योजना अनुरुप अगाडि बढाउन पाठ्यपुस्तकको ठूलो भूमिका रहेको हुन्छ । तर यसको अभावले गर्दा अध्ययन क्षेत्रका विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आएको भएपनि प्रभावकारी कार्यान्वयनमा केही अप्ठ्यारो पर्ने देखिएको छ भने अन्य पक्षबाट हेर्दा कार्यान्वयन अवस्था सन्तोषजनक पक्षबाट अगाडि बढिरहेको छ ।

### ४.२.५ कार्यान्वयन बारे शिक्षक तथा अभिभावक प्रतिक्रिया

यो शोधअनुसन्धानको क्रममा अध्ययन क्षेत्रका विद्यालयहरुका प्र.अ.हरुसँग भेटगरी विद्यालयको भौतिक, शैक्षिक तथा आर्थिक अवस्था सम्बन्धी छलफल गरिएको थियो । छलफलको क्रममा अध्ययनका लागि नमूना छनौटमा परेका सबै विद्यालयहरुको भौतिक अवस्था राम्रो रहेको पाइयो । शैक्षिक अवस्था पनि राम्रो रहेको पाइयो भने आर्थिक अवस्था कमजोर रहेको प्र.अ.हरुले बताए । विशेषतः अनुसन्धानको केन्द्रिय विषय स्थानीय पाठ्यक्रमको कार्यान्वयन पक्षसँग सम्बन्धीत रहेर छलफल गरिएको थियो । छलफलमा स्थानीय विषय पाठ्यक्रम अध्यापन गरिरहेका विषय शिक्षकहरु पनि सहभागि थिए । यस क्रममा प्र.अ. तथा शिक्षकहरुले स्थानिय विषय प्रभावकारी रुपमा नै कार्यान्वयनमा ल्याइरहेको बताए । विषय शिक्षकहरुलाई केही समस्या परेमा अन्य शिक्षक तथा प्रधानाध्यापकसँग अन्तरक्रिया गर्ने गरेको र उक्त समस्या समाधान हुन नसकेमा स्रोतकेन्द्र स्तरीय तालिम तथा प्रशिक्षण कार्यक्रमको समयमा प्रशिक्षक समक्ष राख्ने गरेको बताए । यसरी हेर्दा स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनको दिशामा अगाडि बढिरहेको पाइयो ।

### ४.२.६ स्थानीय विषयको मूल्याङ्कन अवस्था

शैक्षिक सत्र २०६८ देखि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आएपनि त्यो शैक्षिक सत्रमा स्थानीय पाठ्यक्रमको लागि मूल्याङ्कन गर्न छुट्टै विधि वा तरिका अपनाइएन । सामाजिक शिक्षा विषय अध्यापन गराँउदा स्थानीय विषयका मिल्दा पाठहरुलाई सँगसँगै अध्यापन गराइयो । आन्तरिक तथा अन्तिम (वार्षिक) परिक्षामा सामाजिक विषयसँग सम्बन्धित रहेर

१०० पूर्णाङ्कको प्रश्नपत्र विद्यार्थीलाई दिइन्थ्यो । सोही प्रश्नपत्र र सामाजिक विषयमा नै केन्द्रित रहेर विद्यार्थीहरुले प्रतिक्रिया गर्नुपर्दथ्यो । स्थानीय विषय बारेका विद्यार्थीका ज्ञान, धाराणाहरुलाइ सामाजिक विषयमा नै एकाकार गरी अभिव्यक्त गर्नुपर्दथ्यो भने शैक्षिक सत्र २०६९ बाट माडी क्षेत्रका स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आएका सम्पूर्ण विद्यालयहरुका कक्षा ४ र ५ का विद्यार्थीहरुले स्थानीय विषयको २० पूर्णाङ्कको लिखित परिक्षामा सम्मिलित हुनुपर्ने मूल्यङ्कन योजना बनाइएको छ । मूख्य विषय सामाजिक शिक्षाको प्रश्नपत्रमा दोस्रो खण्डमा स्थानीय पाठ्यक्रम (वातावण संरक्षण शिक्षा) को प्रश्नपत्र परिक्षा बोर्डले तयार पारेर सबै विद्यार्थीको एकरुपता हुने किसिमबाट मूल्याङ्कन गरिने योजना रहेको पाइयो । त्यस्तै गरी स्थानीय पाठ्यक्रमबारे विद्यार्थीहरुको आन्तरिक मूल्यांकनका लागि लघु क्षेत्र भ्रमण गराइएको समयमा परियोजना कार्य (प्रतिवेदन तयार पार्ने) गर्न लगाएर पनि मूल्याङ्कन प्रक्रिया अगाडि बढाइरहेको विषय शिक्षकहरुले बताए ।


### ४.२.७ स्थानीय आवश्यकता र स्थानीय पाठ्यक्रम बीच तादात्म्यता

यो शोध कार्यको क्रममा अध्ययन क्षेत्रको विद्यालयका प्र.अ.हरु, विषयशिक्षकहरु, स्रोत व्यक्तिहरु तथा अभिभावकहरुलाई स्थानीय पाठ्यक्रमले यहाँको स्थानीय आवश्यकतालाई समेटेको छ त भनी प्रश्न गर्दा सबै जस्तो उत्तरदाताहरुले आवश्यकतालाई समेटेको कुरामा सहमति जनाए तर पनि यस क्षेत्रको धेरै अन्य आवश्यकतालाई समेटन नसकेको गुनासो उनीहरुको थियो । स्थानीय पाठ्यक्रमले विशेषतः वन्यजन्तु तथा वन संरक्षण, प्राकृतिक प्रकोप, धार्मिक तथा पर्यटन क्षेत्रलाई समेटेको भए पनि व्यवसायिक कृषि (मत्स्यपालन, कुखुरापालन, फलफूल तथा तरकारी खेती), सीपमुलक रोजगारीलाई सहयोग हुने अन्य पक्षलाई समेट्न नसकेको उनीहरुले बताए ।

अध्ययन क्षेत्रको विद्यालयहरुमा पढाइ भइरहेको स्थानीय पाठ्यक्रम र स्थानीय आवश्यकताको क्षेत्रलाई तालिकीकरण गरी प्रस्तुत गरिएको छ

**तालिका नं. ४.५**

**स्थानीय पाठ्यक्रम र आवश्यकता बीच तादात्म्य**




यसबाट के स्प्रष्ट हुन्छ भने स्थानीय स्तरमा तयार पारिएको पाठ्यक्रमले स्थानीय आवश्यकताका धेरै क्षेत्र तथा सम्भावनाहरुमध्ये थोरै क्षेत्र समेट्को छ। यसले थोरै मात्र भए पनि स्थानीय आवश्यकतालाई समेटेको छ । समाजको अन्य आवश्यकताहरु समेट्ने गरी अन्य कक्षा तहमा छुट्टै विषयका अरु पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

### ४.२.८ स्थानीय पाठ्यक्रम कार्यान्वयनमा अन्य संघसंस्थाको भूमिका

अध्ययन क्षेत्रका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा सरकारी तथा गैरसरकारी संस्थाहरुको भूमिका रहेको पाइयो । स्थानीय पाठ्यक्रम निर्माण पछि यसको छपाई कार्यका लागि तराई भू-परिधी कार्यक्रम (ताल) ले आर्थिक सहयोग रहेको पाइयो ।

त्यस्तै स्थानीय क्षेत्रमा कार्यरत मध्यवर्ती क्षेत्रहरुको पनि आर्थिक तथा प्राविधिक सहयोग रहेको पाइयो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग कार्यालय कसरा, चितवनको पनि सहयोग रहेको पाइयो । स्रोतकेन्द्रको समन्वयनमा यी सस्थाहरुले पाठ्यक्रम निर्माणमा सहयोग गरेको पाइयो भने तराई भू-परिधि कार्यक्रम र समुदायमा आधारित चोरी शिकार प्रतिरोध कार्यक्रमले स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रभावकारी बनाउन तथा पाठ्यक्रम कार्यान्वयनमा देखिएका समाधान गर्ने उद्देश्यले समय-समयमा गा.वि.स. स्तरका विद्यालयहरुका प्र.अ, शिक्षक, सरोकारवाला व्यक्तिहरु, स्रोत व्यक्ति, बौद्धिक व्यक्तित्वहरु, मध्यवर्ती क्षेत्रका प्रतिनिधीहरुको भेला आयोजना गरी अन्तरक्रिया कार्यक्रमको समन्वय समेत गर्ने गरेको पाइयो ।

यसबाट के पनि प्रष्ट हुन्छ भने स्थानीय पाठ्यक्रम कार्यान्वयनमा स्थानीय सरोकारवालाहरुको सहयोग सदभाव रहेको छ जसले गर्दा आगामी दिनमा पाठ्यक्रम कार्यान्वयन पक्ष सुधार हुदै अगाडि बढ्ने अनुमान गर्न सकिन्छ ।

### ४.२.९ पाठ्यक्रम कार्यान्वयनबारे प्रतिक्रिया

यस अध्ययनको क्रममा स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्दा वा कार्यान्वयनमा आइसकेपछि विद्यार्थीहरुमा कस्तो खालका धारणा विकास भएका छन् तथा कस्तो परिर्वतनको अपेक्षा गर्नुभएको छ र आफ्नो तर्फबाट के पहल गर्नु भएको छ भनी स्रोत व्यक्ति, विषय शिक्षक, स्थानीय बुद्धिजीवि/अभिभावकहरुलाई सोधिएको थियो । त्यस्तै नमूना छनौटमा परेका विद्यालयका कक्षा ५ का विद्यार्थी माभ्क समुह छलफल गरी परिर्वतन बारेको धारणा बुझ्ने प्रयास समेत गरिएको थियो । प्रत्येक उपशीर्षकमा प्राप्त सूचनाको व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ ।

#### क) स्रोत व्यक्तिको प्रतिक्रिया

स्थानीय पाठ्यक्रम कार्यान्वयन साना कक्षामा मात्र भए पनि यसले विद्यार्थीहरुमा सानै उमेर देखि वातावरण संरक्षण, जैविक विविधता संरक्षण, प्राकृतिक प्रकोपबाट बच्ने उपायहरु सिक्ने, वन्यजन्तुको फाइदाको बारेमा ज्ञान लिन सक्दछन् र सकारात्मक धारणाको विकास गर्दै गए भने आजका साना विद्यार्थीहरुले नै ठूलो भए पछि वातावरण संरक्षणका क्षेत्रमा

ठोस र व्यवहारिक योगदान गर्न सक्दछन् भन्ने आफ्नो अपेक्षा रहेको कुरा स्रोत व्यक्तिले बताए । यसै सन्र्दभमा उनले अरु के पनि थप बताए भने माथिल्ला कक्षाहरुमा पनि स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न सकेको खण्डमा सम्बन्धित विषयमा समाज, राष्ट्र तथा वर्तमान विश्वको आवश्यकता पुरा गर्ने तर्फ विद्यार्थीलाई अग्रसर गराउन सकिन्छ । प्रत्यक्ष देखिने रुपमा वर्तमानमा विद्यार्थीको व्यवहार परिर्वतन भन्दा पनि सकारात्मक धारणा विकास गर्दै जान सकिने र केही लामो समय पछि यसले प्रतिफल दिने कुरामा आफु दृढ रहेको बताए ।

### ख) शिक्षकहरुको प्रतिक्रिया

स्थानीय पाठ्यक्रममा समावेश विषयवस्तु विद्यार्थीका दैनिक जीवनसँग प्रत्यक्ष गाँसिएका विषयहरु भएकोले उनीहरुमा यसको पठन पाठनले वातावरण संरक्षणमा सकारात्मक सन्देश प्रभाह भईरहेको बताए र शिक्षकहरुले केही मात्रामा भएपनि विद्यार्थीको बानी व्यवहार परिर्वतन तर्फ उन्मुख रहेको बताए । विषयवस्तुहरु समसामायिक र स्थानिय मात्र नभई विश्वव्यापी सन्दर्भलाई समेट्ने खालको भएकोले दीर्घकालीन रुपमा विद्यार्थीको सकारात्मक व्यवहार परिर्वतनको अपेक्षा गर्न सकिने उनीहरुले बताए । विभिन्न धार्मिक तथा पर्यटकीय स्थलको लघु भ्रमण गराएर समेत विद्यार्थीमा सकारात्मक सोचको विकास गर्न पहल गरेको शिक्षकहरुले प्रतिक्रिया दिए ।

### ग) स्थानीय बुद्धिजीवी/अभिभावकको प्रतिक्रिया

विद्यार्थीहरुमा स्थानीय पाठ्यक्रम कार्यान्वयनले सकारात्मक परिवर्तन ल्याउनेमा उनीहरु आशावादी देखिए । वन्यजन्तुको पिडाबाट आक्रान्त बनेका वनक्षेत्र वरपरका अभिभावकहरु पहिले यो कार्यक्रमले वन बढाउने रहेछ भन्ने गरेको भए पनि स्थानीय स्तरमा समेत संरक्षणका बारेमा धेरै कार्यक्रम लागू भएको र यसको औचित्यबारे आफुले पनि बुझेपछि यो कार्यक्रमसँग विद्यालयहरुमा पनि यस्तै विषयको स्थानीय पाठ्यक्रम तयार भएर कार्यान्वयनमा आउनुमा आफुहरुलाई खुशी लागेको बताए । आफ्ना केटाकेटीहरुको बानी व्यवहारमा परिर्वतन देखा परेको र आफूहरु पनि केटाकटीहरुको सोच र व्यवहारमा परिर्वतन गर्न तर्फ लागिरहेको उनीहरुले बताए ।

### घ) विद्यार्थी समूह छलफलको प्रतिक्रिया

समूह छलफलमा भाग लिएका विद्यार्थी माझमा वातावरण संरक्षणका बारेमा सकारात्मक धारणा पेश गरे भने केही वन्यजन्तुका बारेमा उनीहरुले नकारात्मक धारणा समेत राखे । यस्तो हुनुको कारण बुझ्दा उनीहरुले त्यस्ता वन्यजन्तुहरुले आफ्नो घर परिवार तथा खेतीपातीमा पु¥याएको हानीले गर्दा त्यस्तो प्रतिक्रिया दिएको बुझियो । धेरै समयको छलफल चल्दै गर्दा विद्यार्थीहरु वातावरण संरक्षण, वन्यजन्तु चोरी शिकारी नियन्त्रण, धार्मिक तथा पर्यटन क्षेत्र विस्तारका बारेमा सकारात्मक रहेको पाइयो ।

समग्र परिस्थिती, छलफलको प्रतिक्रिया र शिक्षक, अभिभावक, स्रोत व्यक्ति आदिको अपेक्षालाई हेर्दा स्थानीय पाठ्यक्रमको कार्यान्वयनले विद्यार्थीको सकारात्मक सोचको विकास तथा बानी व्यवहारमा समेत परिर्वतन ल्याएको पाइयो । यसबाट पनि स्थानीय पाठ्यक्रम कार्यान्वयन सफलता तिर उन्मुख मान्न सकिन्छ ।

## ४.३ स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु

स्थानीय विषयको पाठ्यक्रमको कक्षाकोठामा कार्यान्वयन भइरहेको अवस्थामा कार्यान्वयनमा समस्याहरु तथा चुनौतीहरु के के भोग्नु परेको छ भनी सम्बन्धीत विद्यालयहरुका स्रोतव्यक्ति, प्र.अ., शिक्षकहरु तथा अध्ययनमा समावेश अभिभावकहरुलाई सोधिएको थियो । तलको तालिकामा उनीहरु सामु देखिएका समस्याहरुलाई तालिकाको माध्यमबाट देखाइएको छ भने अन्वरवार्ताका सन्र्दभमा प्राप्त जानकारीहरु समेतको विश्लेषण समेत प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६**

**पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु**

| **स्रोत व्यक्तिको प्रतिक्रिया** | **प्र.अ.हरुको प्रतिक्रिया** | **विषयशिक्षकको प्रतिक्रिया** | **अभिभावकहरुको प्रतिक्रिया** |
|---|---|---|---|
| - तालिमको अभाव भएको<br>- शैक्षिक सामाग्रीको समस्या रहेको<br>- पाठ्यपुस्तक नभएको<br>- प्रशस्त सन्दर्भ सामाग्री नभएको | - पाठ्यपुस्तक नभएको<br>- नयाँ शिक्षकलाई तालिम नहुँदा अप्ठेरो भएको<br>- अन्यन्त्रबाट शिक्षक सरुवा भएर आउँदा विषयवस्तु नयाँ भएकोले अध्यापनमा कठिन भएको | - पाठ्यपुस्तक नहुँदा कति ज्ञान दिने भन्ने कठिनाइ भएको<br>- विद्याथीलाई गृहकार्य दिन समस्या भएको<br>- अनुगमन नभएको | - पाठ्यपुस्तक नभएको<br>- शिक्षकहरुलाई तालिम नभएको |

प्रश्नावलीमा प्राप्त उल्लेखित उत्तरहरु र प्रत्यक्ष कुराकानीबाट के जानकारी मिल्यो भने स्थानीय पाठ्यक्रम कार्यान्वयनमा विभिन्न समस्याहरु देखा परेका छन् । विषेशतः स्थानीय विषयको पाठ्यपुस्तक नहुँदा विद्यार्थीलाई कुन विषयवस्तुको ज्ञान कति दिने, गृहकार्य दिन पनि गाह्रो भएको र घरमा विद्यार्थीले पढन नपाउदा सिकेको कतिपय कुराहरुको विस्मरण छिट्टै हुने कुरा शिक्षकहरुले बताए । र प्रभावकारी कार्यान्वयनको लागि अनुगमनको अभाव रहेको पनि शिक्षकहरुले बताए । यी समस्याहरु सँग प्र.अ. हरु पनि सहमत थिए भने प्रशासनिक केही समस्या रहेको पनि  उनीहरुले उजागर गरे । नयाँ विषयको पाठ्यक्रमको पठनपाठन प्रभावित हुने गरेको तथा अन्यन्त्र ठाँउबाट (जहाँ वातावरणीय शिक्षा स्थानिय पाठ्यक्रम पढाई हुदैन) शिक्षक सरुवा भई आँउदा पनि अध्यापन कार्यमा केही समस्या हुने गरेको बताए । स्रोतव्यक्तिको प्रतिक्रिया पनि यसभन्दा खासै फरक थिएन । तापनि शिक्षक तालिमको समस्या रहेको र जिल्ला शिक्षा कार्यालयले शिक्षक तालिम तथा पाठ्यपुस्तक


निर्माणमा कुनै सहयोग नगर्ने गरेकोले पनि स्थानीय पाठ्यक्रम कायान्वयनमा समस्याहरु रहेको उनले बताए । अभिभावकहरुले पनि यिनै समस्याहरु बताए । उनीहरुको प्रतिक्रियामा अन्यको प्रतिक्रिया भन्दा पृथकपना देखिएन ।

समग्रमा के भन्न सकिन्छ भने अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा केही समस्याहरु देखिएका छन् । जसको निराकरणको उपाय अपनाउन सकेमा मात्र प्रभावकारी कार्यान्वयनको मार्गलाई अंगालेर अगाडि बढ्न सकिन्छ ।

## ४.४ पाठ्यक्रम कार्यान्वयनका समस्या समाधानका उपायहरु

स्थानीय पाठ्यक्रम कार्यान्वयनको क्रममा केही समस्याहरु रहेका छन् । कार्यान्वन पक्षसंग आवद्ध व्यक्तित्वहरुले ती समस्या समाधानका लागि आ-आफ्नो क्षेत्रबाट पहल गर्ने गरेको पाइयो । कक्षा कोठामा देखिएका विषयवस्तु सम्बन्धी समस्यालाई सहपाठी साथीहरु बीच छलफलमा ल्याउने गरेको तथा छलफलबाट निचोडमा पुग्न नसकिएका समस्याहरुलाई प्रधानाध्यापक समक्ष लैजाने गरेको पाइयो । प्रधानाध्यापकले स्रोतव्यक्ति वा प्रशिक्षकहरुसँगको अन्तरक्रियामा समस्याहरु पेश गरी समाधान खोज्ने गरेको पाइयो । समय समयमा स्रोत केन्द्र स्तरिय स्थानीय विषय अध्यापन गराउने शिक्षकहरुको अन्तरक्रिया कार्यक्रममा समेत आफूलाई परेको समस्या राख्ने गरेको शिक्षकहरुले बताए । पाठ्यपुस्तक, शिक्षक तालिम, सर्न्दभ सामाग्रीहरुको माग प्र.अ. हरुले स्रोतव्यक्ति मार्फत जिल्ला शिक्षा कार्यालय समक्ष समेत गरेको बताए । स्रोत व्यक्तिले पनि स्थानीय पाठ्यक्रम कार्यान्वनमा देखिएका समस्या समाधान गर्न लागि परेको बताए । जिल्ला शिक्षा कार्यालयले पाठ्यपुस्तक निर्माण तथा तालिमको बारेमा कुनै सहयोग नगर्ने भएकोले त्यसका लागि अन्य सहयोगी संस्थाहरुसँग समन्वय गरिरहेको उनले बताए । सबैसँग संयुक्त पहल र समन्वय गरी छिट्टै नै पाठ्यपुस्तक निर्माण गर्न तिर आफू लागिरेको उनले बताए ।

यसबाट के देख्न सकिन्छ भने सरोकारवाला व्यक्तिहरुले समस्या समाधानका लागि समन्वयकारी भूमिका खेलिरहेका छन् । जसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।




**चित्र : पाठ्यक्रम कार्यान्वयनका समस्या समाधानका लागि भएको पहल**

अध्ययनको क्रममा स्रोतव्यक्ति, प्र.अ., विषयशिक्षक, स्थानीय बुद्धिजीवी/अभिभावक लगायतहरुलाई स्थानीय पाठ्यक्रमको प्रभावकारीता वृद्धिका लागि तपाईहरुलाई अहिले सम्मको शैक्षिकजीवन र आफ्नै विद्यालयमा पनि स्थानीय पाठ्यक्रमको कार्यान्वयनको छोटो अनुभवका आधारमा केही सुझावहरु दिनुहुन्छ की भनी प्रश्न गर्दा सबै उत्तरदाताहरुको सुझाव प्रायः एकै खालको पाइयो । जसलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

- पाठ्यपुस्तक तथा आवश्यक सन्दर्भ सामाग्रीहरुको व्यवस्था गरिनु पर्ने ।
- शिक्षक तालिम तथा अन्तरक्रिया कार्यक्रमहरु भइरहनु पर्ने ।
- शिक्षक, विद्यार्थी तथा अभिभावकहरु बीचमा अन्तरक्रियाहरु भइरहनु पर्ने ।

- विद्यार्थीलाई लघु भ्रमणमा लैजानु पर्ने तथा प्रतिवेदनहरु (टिपोटहरु) तयार पार्न लगाउनु पर्ने ।
- जीवनोपयोगी सीपहरु समेटेर अन्य विषयको स्थानीय पाठ्यक्रम पनि लागु गर्दा राम्रो हुने ।
- स्थानीय पाठ्यक्रमको अवधारणालाई माथिल्लो कक्षामा पनि विस्तार गरिनुपर्ने ।
- स्थानीय पाठ्यक्रम अध्यापनलाई कक्षाकोठामा मात्र सिमित नराखी विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाएर व्यवहारिक परिर्वतन ल्याउने गरी शिक्षण वातावरण तयार गर्नुपर्ने ।

यी माथिका उपायहरु अपनाउदा स्थानीय पाठ्यक्रम कार्यान्वनय प्रभावकारी रुपमा हुने उनीहरुले बताए भने यी उपायहरुमा शिक्षा र शिक्षणसँग सम्बन्धीत जो कोही पनि असहमत हुने प्रश्न नै उठ्दैन ।

# परिच्छेद-पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

यो शोध अनुसन्धान चितवन जिल्लाको गर्दी गा.वि.स. अन्तरगतका सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको पक्षसँग सम्बन्धित रहेर गरिएको थियो । जसमा अध्ययनकर्ता स्वयम् प्रत्यक्ष रुपमा उत्तरदाताहरुसँग भेट गरी अन्तरवार्ता, समुह छलफल, कक्षा समुह छलफल, कक्षा अवलोकन, प्रश्नावली जस्ता साधनहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो । सूचनाको विश्लेषण र व्याख्याका आधारमा निम्नानुसार प्राप्ति, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ति

क) स्थानीय पाठ्यक्रम निर्माणमा वि.नि., स्रोतव्यक्ति प्र.अ., शिक्षक, स्थानीय सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको पाइयो ।

ख) पाठ्यक्रमविद् तथा वास्तविक अभिभावकहरुको पाठ्यक्रम निर्माणमा सहभागिता रहेको पाइएन ।

ग) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि स्रोतकेन्द्र स्तरमा योजना बनाइएको भएपनि योजनाहरु कार्यान्वयन गर्ने कुनै पनि संयन्त्रको व्यवस्था भएको देखिएन ।

घ) स्थानीय विषय शिक्षणका लागि शिक्षकहरुलाई कुनै पनि तालिमको व्यवस्था भएको पाइएन।

ङ) स्थानीय विषयवस्तुलाई समेटेर तयार पारिएको शैक्षिक सामग्रीहरुको अभाव रहेको पाइयो ।

च) स्थानीय विषयको पाठ्यपुस्तकको अभाव रहेको पाइयो । यसमा विद्यालयको कमजोर आर्थिक स्थिति जिम्मेवार देखियो ।

छ) स्थानीय विषयको अध्यापनका लागि शिक्षकहरुले पाठयोजना तयारीकासाथ आएको देखिएन ।

ज) कक्षा शिक्षणको समयमा शिक्षण सामग्रीको प्रयोग नगन्य मात्रामा गरेको देखियो ।

झ) कक्षाकोठामा शिक्षणको क्रममा छलफल, प्रदर्शन, प्रश्नोत्तर जस्ता शिक्षणविधि प्रयोग गरिएपनि व्याख्यान विधिको प्रयोग नै बढी गरेको पाइयो ।

ञ) स्थानीय विषय शिक्षणका क्रममा विद्यार्थीहरुलाई नजिक पर्ने धार्मिक तथा पर्यटकीय स्थलहरुको भ्रमणमा लैजाने गरेको पाइयो ।

ट) पाठ्यपुस्तक अभावले कक्षाकोठामा विद्यार्थी सिकाइको वातावरण अन्यौलपूर्ण रहेको पाइयो ।

ठ) अध्ययनक्षेत्रका विद्यालयहरुको भौतिक स्थिति मजबुत रहेपनि आर्थिक अवस्था कमजोर भएका कारण पाठ्यक्रम कार्यन्वयनमा कठिनाई आएको पाइयो ।

ड) स्थानिय विषयको मूल्याङ्कनको लागि छुट्टै परीक्षाको व्यवस्था गरेको पाइयो ।

ढ) स्थानीय क्षेत्रका आवश्यकताका धेरै क्षेत्रहरु छन् । त्यसमध्ये पाठ्यक्रमले वातावरणीय पक्षलाई मात्र समेटेको पाइयो ।

ण) पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वयकारी भूमिका रहेको पाइयो ।

त) शिक्षकहरु सरुवा हुने कारण स्थानीय विषय शिक्षणमा कठिनाइ हुने गरेको पाइयो ।

थ) सरोकारवाला निकायहरुबाट पाठ्यक्रम कार्यान्वयनको सम्बन्धमा अनुगमन तथा निरीक्षण नहुने कारणले कार्यान्वयन पक्ष कमजोर रहेको पाइयो ।

द) कार्यान्वयनमा देखिएका समस्या समाधानका पहलहरु भएपनि सार्थक भएको पाइएन ।

## ५.२ निष्कर्ष

क) स्थानीय पाठ्यक्रम निर्माणमा पाठ्यक्रम विद् तथा सम्पूर्ण स्थानीय सरोकारवालाहरुको सहभागिता नभएको देखिन्छ । स्थानीय पाठ्यक्रम जुन अवधारणाका साथ अगाडि आएको हो र जुन विधि एवं प्रक्रिया अनुरुप तयार गर्नुपर्ने हो सोही अनुरुप पाठ्यक्रमको निर्माण गर्नुपर्ने देखिन्छ ।

ख) पाठ्यक्रम कार्यान्वयनको लागि स्रोतकेन्द्र स्तरमा सामान्य योजना गरिएपनि कार्यान्वयन वा अनुगमनका लागि छुट्टै संयन्त्रको निर्माण गरेको पाइएन । स्पष्ट योजना बनाएर पाठ्यक्रम कार्यान्वयन तथा अनुगमन गर्ने केही व्यक्तिहरु सम्मिलित संयन्त्र निर्माण गर्नुपर्ने देखिन्छ ।

ग) शिक्षक तालिम तथा स्थानीय विषयवस्तुमा आधारित शिक्षण सामग्रीको अभाव हटाउन सक्षमता तथा सीप विकासका तालिमहरू, शिक्षण सामग्रीको निर्माण तथा प्रयोग गर्न सिकाउने खालको कार्याशालाको व्यवस्थापन गरी शिक्षकलाई तालिम प्राप्त बनाउनु पर्ने देखिन्छ ।

घ) पाठ्यपुस्तक विना कक्षाकोठामा पाठ्यक्रम कार्यान्वयनको योजना गर्न धेरै अप्ठेरो पर्दछ । त्यसमा पनि तल्लो तहका कक्षाको सिकाइ पाठ्यपुस्तक विना अन्यौलपूर्ण नै हुने गर्दछ । यस्तो अन्यौलका कारण पनि कार्यान्वयनमा कठिनाइ रहेको देखिन्छ । शिक्षकहरुलाई पनि कुन विषयवस्तुको ज्ञान कति गहिराइमा दिने भन्ने समस्या रहेको देखिन्छ । तसर्थ विद्यालयहरुको आर्थिक स्रोत मजबुत नभएपनि व्यवस्थापन समितिले अन्य दातृ निकाएसँग समन्वय गरी, सहयोगी संस्थाहरुबाट आर्थिक स्रोत संकलन गरी विद्यार्थीहरु माझमा पाठ्यपुस्तकको उपलब्धता गराउनु पर्ने देखिन्छ ।

ङ) स्थानीय समाजमा धेरै आवश्यकताहरु छन् । वर्तमान विश्व व्यवसायिकता तर्फ उन्मूख छ । यस्तो परीवेशमा पाठ्यक्रमले वातावरणीय पक्ष मात्र समेटेको देखिन्छ । यस कुरामा सम्बन्धित क्षेत्रका अभिभावहरुको पनि सन्तुष्टि देखिदैन । तसर्थ पाठ्यक्रममा विषयवस्तु समावेश गर्नु पूर्व यसको बारेमा सरोकारवाला सम्पूर्ण पक्षहरुसँग व्यापक छलफल चलाउनु पर्दछ र आगामी पाठ्यक्रम परिमार्जन गर्दा स्थानीय अन्य आवश्यकताका मुद्धाहरुलाई समावेश गर्नुपर्ने आवश्यकता देखिन्छ ।

च) विद्यालयमा पाठ्यक्रम कार्यान्वयमा आइसकेपछि यससँग देखापर्ने सम्पूर्ण समस्यासँग जुध्ने जिम्मेवारी विषय शिक्षकको मात्र हो भन्ने खालको सोच विद्यालय तथा स्रोतकेन्द्रको देखिन्छ । तसर्थ पाठ्यक्रमको कार्यान्वयमा विषय शिक्षक, प्रधानाध्यापक, स्रोत व्यक्ति, विद्यालय प्रशासन, समिति सबै पक्षको जिम्मेवारी र भूमिका रहन्छ भन्ने कुरा प्रति सचेत गराउँदै सबै पक्षलाई आ-आफ्नो ठाउँमा सक्रिय रहने वातावरण बनाउनु गर्नुपर्ने देखिन्छ ।

छ) पाठ्यक्रम निर्माण गरेर विद्यालयमा पठाइसकेपछि सरोकारवाला निकाएको अनुगमन तथा निरीक्षण नभएको देखिन्छ । तसर्थ पाठ्यक्रमका कमजोर पक्ष सुधार गर्न, प्रभावकारीता वृद्धि गर्न पनि निरन्तर रुपमा यसको प्रभावकारीता जाँच मूल्याङ्कन तथा अनुगमन हुनुपर्दछ भन्ने शोध अध्ययनको निष्कर्ष रहेको छ ।

## ५.३ सुझाव

**क) पाठ्यक्रम योजना सम्बन्धि सुझावहरु**

अ) स्थानीय तहमा पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रमविद्, स्रोत व्यक्ति, शिक्षक, अभिभावक, विभिन्न संघसंस्थाका प्रतिनिधि, स्थानीय सरोकारवाला व्यक्तिहरु बीच समन्वय गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने आवश्यकता छ ।

आ) स्थानीय स्तरमा आवश्यकताका रुपमा रहेका महत्वपूर्ण र व्यवसायिक अन्य विषयवस्तुलाई पाठ्यक्रममा समेट्दै लैजानु पर्ने देखिन्छ ।

इ) स्थानीय पाठ्यक्रम जस्तो वर्तमानको विश्वव्यापी अवधारणालाई अगाडि बढाउन सबै क्षेत्रबाट सल्लाह, सुझाव, परामर्श लिएर कार्यान्वयनको स्पष्ट योजना बनाएर अगाडि बढेमा स्थानीय आवश्यकता पुरा हुने थियो । यसका लागि विशेष गरी हामी सबै पाठ्यक्रम क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुको भूमिका अझ महत्वपूर्ण हुने छ ।

**ख) पाठ्यक्रम कार्यान्वयन सम्बन्धि सुझावहरु**

अ) पाठ्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनको लागि स्थानीय स्तरमा सरोकारवाला व्यक्तिहरुलाई समेटेर कार्यान्वयन संयन्त्र बनाउन सुझाव पेश गर्दछु ।

आ) स्थानीय पाठ्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न हरेक शैक्षिकसत्रको शुरुमा वार्षिक कार्ययोजना तथा कक्षा शिक्षणको समयमा पाठयोजना सहित प्रस्तुत हुँदा राम्रो हुन सक्छ ।

इ) पाठ्यक्रम निर्माण मात्र गर्नुभन्दा पनि विद्यार्थीका लागि आवश्यक पर्ने पाठ्यपुस्तकको व्यवस्था, शिक्षक तालिमको संयोजन, शैक्षिक सामग्री निर्माण सम्बन्धी सहयोग गर्ने जस्ता कार्यहरु सम्बन्धित सरोकारवाला निकायले गर्दा उपयुक्त हुने थियो ।

ई) प्रभावकारी कार्यन्वयनका लागि सरकारी तबरबाट पनि आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने देखिन्छ ।

उ) स्रोतकेन्द्र, शिक्षाकार्यालय तथा प्रधानाध्यापक स्वयम्ले पाठ्यक्रम कार्यान्वयनको अवस्थाबारे अनुगमन गरी समस्याहरु समाधान गर्ने तिर सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्दा कार्यान्वयन प्रभावकारी हुने थियो ।

**ग) थप अध्ययन गर्नेहरुका लागि सुझावहरु**

अ) मेरो शोध अध्ययन स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्थासँग मात्र सम्बन्धित छ । त्यसैले अनुसन्धान गर्न चाहने अन्य व्यक्तित्वहरुले यसको निर्माणको चरन तथा प्रक्रियाहरुको पक्ष, विषयवस्तु छनौटका मापदण्ड र सान्दर्भिकता जस्ता पक्षहरुलाई समेटेर अनुसन्धान अगाडि बढाउन सक्नुहुनेछ ।

आ) स्थानीय पाठ्यक्रम र समाजको आवश्यकताका बीचमा सान्दर्भिकता सम्बन्धी क्षेत्रमा पनि अनुसन्धान अगाडि बढाउन सक्नुहुनेछ ।

# सन्दर्भग्रन्थहरु


अधिकारी, विष्णुप्रसाद (२०६७) । *माध्यमिक शिक्षक दिग्दर्शन ।* काठमाण्डौ : आशिष बुक्स हाउस ।

खनाल, पेशल (२०६७) । *शैक्षिक अनुसन्धान पद्धति ।* काठमाण्डौ : सनलाइट पब्लिकेसन ।

जवरा, स्वयंप्रकाश, श्रेष्ठ चन्द्रबहादुर, रञ्जितकार किरणराम (२०५९) । *पाठ्यक्रम योजना र अभ्यास ।* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, दीनानाथ (२०६८) । शिक्षक मासिक (जेष्ठ, अङ्क) । ललितपुर : ज्ञान- विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

नेपालको अन्तरिम संविधान (२०६३) ।

पाठ्यक्रम विकास केन्द्र (२०६३) । *नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप ।*

पाठ्यक्रम विकास केन्द्र (२०६४) । *स्थानीय पाठ्यक्रम निर्माण निर्देकिका ।* सानोठिमी ।

भण्डारी, उमलाल (२०६८) । *स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन प्रक्रिया (अप्रकाशित प्रतिवेदन) ।* काठमाण्डौ : त्रि.वि. शिक्षाशास्त्र केन्द्रीय विभाग ।

भट्ट, टिकेन्द्र प्रसाद (२०६७) । *पाठ्यक्रम सिद्धान्त ।* काठमाण्डौ : हेरिटेज पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

भट्टराई, होमनाथ, धामी केशवसिंह (२०६६) । *पाठ्यक्रम र मूल्याङ्कन ।* काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

लामा, शेरबहादुर (२०६८) । *स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था (अप्रकाशित प्रतिवेदन) ।* काठमाण्डौ : त्रि.वि. शिक्षाशास्त्र केन्द्रीय विभाग ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६६) । *शिक्षाका आधारहरु ।* काठमाण्डौ : एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

Aryal and Niure (2010). *Curriculum Planning and Practice.* Kathmandu : Intellectuals Book Palace.

Print, Murray (1993). *Curriculum Development and Design.* Malaysia : SRM Production Services Sdn Bhd.

## “स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था”

## अनुसूची-१

## स्रोत व्यक्तिका लागि खुला प्रश्नावली

**स्रोत व्यक्तिको नाम :** **मिति :**

**स्रोत केन्द्र :**

१. तपाइको स्रोतकेन्द्र अर्न्तगतका कति वटा विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आएको छ ?

..........................................................................................................

......

२. कुन विषय क्षेत्र सँग सम्बन्धित रहेर स्थानीय पाठ्यक्रम तयार पार्नु भएको छ ? कति पूर्णाङ्कको विषय हो र यसको पाठ्यभार ?

..........................................................................................................

......

३. स्थानीय पाठ्यक्रम तयार गर्दा को-को संलग्न हुनु भयो ?

..........................................................................................................

......

४. पाठ्यक्रम कार्यान्वयनको लागि कस्ता-कस्ता योजना निर्माण गर्नुभएको थियो ? यसलाई बढावा दिन कस्तो प्रयास गरिरहनु भएको छ ?

..........................................................................................................

......

५. स्थानीय विषयको पठनपाठनको लागि शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नु भएको छ कि छैन ? यदि छैन भने किन होला ?

..........................................................................................................

......

६. स्थानीय विषयको शिक्षणले विद्यालयमा, समुदायमा कस्तो प्रभाव पारेको छ ?

..........................................................................................................

......

७. शैक्षिक सामग्रीहरु निर्माण तथा पाठ्यक्रम कार्यान्वयनमा कस्ता समस्याहरु देखिएका

छन् ?

.........................................................................................................

......

८. समस्याहरु समाधानका लागि के-कस्ता प्रयासहरु भएका छन् ?

.........................................................................................................

......

९. सफल कार्यान्वयनका लागि तपाइको सल्लाह तथा सुझाव के छ ?

.........................................................................................................

......

## "स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था"

## अनुसूची-२

## प्रधानाध्यापकसँग सोधिने खुला प्रश्नावली

**नाम :** **मिति :**

**विद्यालय :**

१. तपाईको विद्यालयमा कुनै स्थानीय पाठ्यक्रम लागु गरिएको छ ? यदि लागु भएको छ भने कुन विषयको छ ?

..........................................................................................................

......

२. तपाइको विद्यालयबाट स्थानीय पाठ्यक्रम निर्माणमा क-कसको सहभागिता थियो ?

..........................................................................................................

......

३. स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि कस्ता-कस्ता योजनाहरु गर्नु भएको थियो ?

..........................................................................................................

......

४. स्थानीय आवश्यकतालाई पाठ्यक्रमले समेटेको छ ?

..........................................................................................................

......

५. स्थानीय पाठ्यक्रम कार्यान्वयको हालको अवस्था कस्तो छ ?

..........................................................................................................

......

६. स्थानीय विषयको पठनपाठनको लागि शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नु भएको छ कि छैन ?

..........................................................................................................

......

७. शिक्षण सामाग्रहरु, सन्दर्भ सामग्रीहरु, पाठ्यपुस्तक उपलब्ध छ ?

..........................................................................................................

......

८. कार्यान्वयनमा कस्ता समस्याहरु भोग्नु भएको छ ?

..........................................................................................................

......

९. समस्या समाधानका लागि कस्ता प्रयासहरु गर्नुभएको छ ?

..........................................................................................................

......

१०. थप प्रभावकारीताका लागि सुझावहरु ........................................

र स्थानीय पाठ्यक्रम सम्बन्धमा केही ......................................

## "स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था"

## अनुसूची-३

## विषय शिक्षकहरुलाई सोधिने खुला प्रश्नावली

**नाम :** **मिति :**

**विद्यालय :**

१. तपाईको विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयन भएको कति वर्ष भयो ?

......................................................................................................................

......

२. स्थानीय पाठ्यक्रमको पाठ्यभार र पूर्णाङ्क कति रहेको छ ?

......................................................................................................................

......

३. स्थानीय पाठ्यक्रम अध्यापन सम्बन्धि कुनै तालिम लिनुभएको छ ?

......................................................................................................................

......

४. पाठ्यक्रम निर्माणमा तपाई सहभागी हुनु भयो ?

......................................................................................................................

......

५. स्थानीय पाठ्यक्रम शिक्षणको लागि आवश्यक पाठ्यपुस्तक तथा शिक्षणसामग्रीहरु उपलब्ध छन् ?

......................................................................................................................

......

६. कस्तो खालको मूल्याङ्कन विधि अपनाउनु भएको छ ?

......................................................................................................................

......

७. स्थानीय पाठ्यक्रम कार्यान्वयन पछि कस्तो खालको परिवर्तनको महसुस गर्नु भएको छ ?

......................................................................................................................

.....

८. स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्दा कस्ता-कस्ता समस्याहरु देखिएका छन् ?

..........................................................................................................

......

९. के स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकतालाई समेटेको छ त ?

..........................................................................................................

......

१०. के भइदियो भने स्थानीय पाठ्यक्रम अझै प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्थ्यो ? केही सुझाव ...............................

## "स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था"

### अनुसूची-४

### अभिभावक/स्थानीय वुद्धिजीवीहरुलाई सोधिने खुला प्रश्नावली

**नाम :** **मिति :**
**ठेगाना :**

१. तपाईको छोराछोरी पढ्ने विद्यालयमा कुन विषयको स्थानीय पाठ्यक्रम कार्यान्वयन भएको छ ?

.....................................................................................................

२. स्थानीय पाठ्यक्रम निर्माणमा सहभागि हुनु भएको छ ? कि छैन ?

.....................................................................................................

३. स्थानीय पाठ्यक्रममा कस्ता विषय वस्तुहरु समेटिएको छ ?

.....................................................................................................

४. के स्थानीय पाठ्यक्रमले यहाँको समाजको आवश्यकतालाई समेटेको छ ?

.....................................................................................................

५. स्थानीय पाठ्यक्रम कार्यान्वयन पछि छोराछोरीमा कस्तो परिवर्तन आएको महसुस गर्नुभएको छ ?

.....................................................................................................

६. तपाईका छोराछोरीले यो नयाँ पाठ्यक्रम सम्बन्धि केही प्रतिक्रिया दिएका छन् ?

.....................................................................................................

७. विद्यालयले स्थानीय पाठ्यक्रम कार्यन्वयन गर्दा कुनै समस्या भोग्नु परेको थाहा पाउनु भएको छ ?

..............................................................................................................
..

८. स्थानीय पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि केही सुझावहरु छन् ?

..............................................................................................................
..

# अनुसूची-५

## कक्षाशिक्षण अवलोकन फारम

| क्र.सं. | क्रियाकलाप विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षणिक योजनाको निर्माण | | | |
| २ | शिक्षण सामाग्रीको निर्माण | | | |
| ३ | शिक्षण सामाग्रीको प्रयोग | | | |
| ४ | पूर्वपाठको स्मरण | | | |
| ५ | विद्यार्थीको ध्यानाकर्षण | | | |
| ६ | कालोपाटीको प्रयोग | | | |
| ७ | सामाग्रीको स्पष्टता | | | |
| ८ | शिक्षण सिकाइ उद्देश्यमूलक | | | |
| ९ | समूह विभाजन | | | |
| १० | कक्षा छलफल | | | |
| ११ | छलफलमा विद्यार्थीहरुको सक्रियता | | | |
| १२ | उदाहरणको प्रस्तुती | | | |
| १३ | विद्यार्थी मूल्याङ्कन | | | |
| १४ | गृहकार्य | | | |
| १५ | प्रयोगात्मक कार्य | | | |
| १६ | योजना कार्य | | | |
| १७ | पृष्ठपोषणको व्यवस्था | | | |
| १८ | सिर्जनात्मक कार्य | | | |

# अनुसूची-६

## पाठ्यक्रम निर्माण कार्यशालाका प्रशिक्षक तथा सहभागीहरुको नामावली

| सि.नं. | सहभागीताको नाम | संस्था | पद |
|---|---|---|---|
| १ | हुमनाथ शर्मा | जिल्ला शिक्षा कार्यालय (प्रशिक्षक) | विद्यालय निरिक्षक |
| २ | दाताराम अधिकारी | स्रोतकेन्द्र, अयोध्यापुरी (प्रशिक्षक) | स्रोत व्यक्ति |
| ३ | कृष्णबहादुर रानाभाट | स्रोतकेन्द्र, बरुवा (प्रशिक्षक) | स्रोत व्यक्ति |
| ४ | भोलानाथ लामिछाने | श्री रा. प्रा.वि., जिवनपुर | शिक्षक |
| ५ | सुर्यकान्त खनाल | रेवा म. उपभोक्ता समिति | कार्यालय शिक्षक |
| ६ | टेकनाथ पौड्याल | बघौडा म. उपभोक्ता समिति | कोषाध्यक्ष |
| ७ | दिलबहादुर गायक | जगन्नाथपुरी नि. मा.वि | स.प्र.अ. |
| ८ | गंगाराम रानाभाट | ब्रम्हपुरी नि.मा.वि. | प्र.अ |
| ९ | जंगीप्रसाद महत्तो | श्री रा. प्रा. वि. शिखरीपुर | शिक्षक |
| १० | सुवास पौडेल | श्री रा.प्रा.वि. सिमरहनी | शिक्षक |
| ११ | भुवानीप्रसाद लामिछाने | श्री नि.मा.वि. रमाइलोडाँडा | शिक्षक |
| १२ | हरिकृष्ण अधिकारी | श्री रा.प्रा.वि. बसन्तपुर | प्र.अ. |
| १३ | युमनाथ सुवेदी | श्री जनकल्याण रा.प्रा.वि. किर्तनपुर | प्र.अ. |
| १४ | मणिरत्न खनाल | श्री नि.मा.वि. हरिनगर | प्र.अ. |
| १५ | भिमराज सुवेदी | श्री रा.प्रा.वि. दक्षिण अयोध्यापुरी | शिक्षक |
| १६ | शोभाकर गौतम | श्री जनजिवन उ.मा.वि., अयोध्यापुरी | स.प्र.अ |
| १७ | मुक्तराज लामिछाने | रेवा म. उपभोक्ता समिति | अध्यक्ष |
| १८ | कृष्णप्रसाद शर्मा | जनकल्याण मा.वि., कल्याणपुर | प्र.अ. |
| १९ | सरस्वती अधिकारी | श्री नि.मा.वि. भैरवपुर | शिक्षक |
| २० | विष्णु तिवारी | श्री रा.प्रा.वि. इमलिया | शिक्षक |
| २१ | विष्णुमाया गौतम | श्री रा.प्रा.वि. दिवानगर | शिक्षक |
| २२ | बिनाकुमारी बराल | श्री रा.प्रा.वि. बगौडा | शिक्षक |
| २३ | नन्दलाल भट्टराई | श्री रा.प्रा.वि. देविस्थान | शिक्षक |
| २४ | लखिमप्रसाद न्यौपाने | श्री रा.प्रा.वि. रत्ननगर | शिक्षक |
| २५ | सूर्यप्रसाद भुषाल | श्री सोमेश्वर उ.मा.वि., बरुवा | ईको शिक्षक |
| २६ | चरनारायण महत्तो | श्री रा.प्रा.वि., पाण्डवनगर | शिक्षक |
| २७ | राम महत्तो | श्री कोटेश्वर रा.प्रा.वि., चैनपुर | प्र.अ. |
| २८ | विश्वनाथ घिमिरे | श्री नि.मा.वि., गोबिन्दबस्ती | प्र.अ. |
| २९ | काशीनाथ सापकोटा | श्री रा.प्रा.वि. जिवनपुर | शिक्षक |
| ३० | देवीप्रसाद ढकाल | श्री रा.प्रा.वि. देवेन्द्रपुर | शिक्षक |
| ३१ | कृष्णप्रसाद महत्तो | श्री रा.प्रा.वि. गर्दी | शिक्षक |
| ३२ | हेमबहादुर बानिया | श्री किर्तनपुर रा.प्रा.वि. | शिक्षक |
| ३३ | गंगा भुषाल | समुदायमा आधारित चोरी शिकार प्रतिरोध कार्यक्रम | अध्यक्ष |
| ३४ | कृष्णप्रसाद दाहाल | श्री रा.प्रा.वि. रामराजपुर | शिक्षक |
| ३५ | बलिराम महतो | बघौडा उपभोक्ता समिति | कार्यालय सहायक |
| ३६ | गेमप्रसाद रेग्मी | श्री कृषणनगर नि.मा.वि. | शिक्षक |
| ३७ | चुडामणि तिवारी | श्री माडी मा.वि. बसन्तपुर | प्र.अ. |
| ३८ | मनोज क्षेत्री | श्री माडी मा.वि. बसन्तपुर | शिक्षक |
| ३९ | श्यामकुमार बिष्ट | शिशुकल्याण रा.प्रा.वि., श्याउलीबास | शिक्षक |
| ४० | यमकान्त भुषाल | पाँचपाण्डव उपभोक्ता समिति | अध्यक्ष |
| ४१ | प्रभुप्रसाद महतो | बघौडा उपभोक्ता समिति | अध्यक्ष |
| ४२ | मथुराबहादुर भण्डारी | अयोध्यापुरी उपभोक्ता समिति | अध्यक्ष |
| ४३ | प्रेमप्रसाद पौडेल | तराई-भूपरिधि कार्यक्रम | |

| | | | |
|---|---|---|---|
| ४४ | शनिराम चौधरी | तराई-भूपरिधि कार्यक्रम | |
| ४५ | एकराज भण्डारी | तराई-भूपरिधि कार्यक्रम | |

# अनुसूची-७

# पाठ्यक्रम निर्माण तथा प्राविधिक समिति

## अन्तिम पाठ्यक्रम मस्यौदा समिति

| | | |
|---|---|---|
| १. संयोजक | : | सुर्य भूषाल, ९८१५२९१३४५, ९८४५२०९६९७ |
| २. सदस्य | : | श्याम विष्ट, ९८४५०५६५३६ |
| ३. सदस्य | : | गंगाा रानाभाट, ९८४५४४८००८ |
| ४. सदस्य | : | गंगा भूषाल, ९८४५३९८९५२ |
| ५. सदस्य | : | शोभाकर गौतम, ९८४५१९८४२०, ०५६६२०८६४ |
| ६. सदस्य | : | सरस्वती अधिकारी,९७४५०२२३२२ |

## सल्लाहाकार तथा प्राविधिक समिति

१. हुमनाथ शर्मा, वि.नि. ९८४५०४६६६४, ०५६५२२६६०

२. कृष्ण रानाभाट, श्रो.व्य, ९८४५०८४६९१

३. दाताराम अधिकारी, श्रो. व्य.,९८४५२१९८२९

४. तराई भू-परिधि कार्यक्रम, ०५६५८०३५९

## अनुसूची-८

## अध्ययनमा समावेश स्रोत व्यक्ति, शिक्षक तथा अभिभावकहरु

### अध्ययनमा समावेश स्रोत व्यक्ति र शिक्षकहरु

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १ | कृष्ण बहादुर रानाभाट | स्रोत व्यक्ति | बरुवा स्रोत केन्द्र |
| २ | अर्जुनानन्द अधिकारी | प्र.अ. | सोमेश्वर उ.मा.वि. |
| ३ | श्रीकृष्ण ढकाल | शिक्षक | सोमेश्वर उ.मा.वि. |
| ४ | यज्ञप्रसाद तिवारी | प्र.अ. | रत्नपुर प्रा.वि. |
| ५ | श्रीराम चौधरी | शिक्षक | रत्नपुर प्रा.वि. |
| ६ | तुलबहादुर नेपाली | प्र.अ. | पाण्डपनगर प्रा.वि. |
| ७ | आइतराम बोट | शिक्षक | पाण्डपनगर प्रा.वि. |

### अध्ययनमा समावेश अभिभावकहरु

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | सूर्यप्रसाद भूषाल | गर्दी-३ भैरवपुर |
| २ | गंगाधर भूषाल | गर्दी-८ वरुवा |
| ३ | चुरनारायण महतो | गर्दी-४ पाण्डवनगर |
| ४ | लखीम न्यौपाने | गर्दी-७ सेरुवा |

| | | |
|---|---|---|
| ५ | जङ्गी प्रसाद महतो | गर्दी-९ शिकारीपुर |